**बालबालिकालाई निमोनियाबाट जोगाऔं**
निमोनियाबाट बालबालिकालाई बचाउन,
- नियमित रूपमा लगाईने खोपहरू लगाऔं ।
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
- धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं ।
- सरसफाईमा उचित ध्यान दिऔं ।
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ कात्तिक ०३ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 October 19 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५७

## दुई पालिकाले मात्र नदीजन्य पदार्थको लागि सूचना निकाले

# चार पालिकाले टेन्डर निकाल्न सकेनन्, अवैध उत्खनन जारी

प्रमोद यादव, पंचगावाँ, २ कात्तिक/

पर्सा जिल्लाका खोलाहरूमध्ये दुईवटाको मात्र ठेक्का लागेको छ भने बाँकी खोलाहरूको ठेक्का लाग्न सकेको छैन र अवैध उत्खनन जारी छ ।


तस्वीरः फाइल

जीराभवानी गाउँपालिका र पटेर्वासुगौली गापा अन्तर्गत पर्ने भलुवाही खोलामा जीराभवानीले आफ्नो सीमाभित्र पर्ने खोलाको ठेक्काको लागि सूचना जारी गरेको छ। असोज २३ गते सो पालिकाले भलुवाही खोलाको लागि सूचना जारी गरेको थियो । भलुवाही खोलामा पटेर्वासुगौली गापाले भने आफ्नो सीमाभित्रको क्षेत्रमा ठेक्का लगाउन सकेको छैन। पटेर्वासुगौली गापामा पर्ने गादी खोलाको पनि ठेक्का लागेको छैन।

पर्सागढी नपाले कर्जनिया र सिंगाही खोलामा ठेक्का लगाउन सूचना प्रकाशित गरेको छ । यो पालिकाले पनि असोज २३ गते सूचना प्रकाशन गरेर ठेक्का प्रक्रिया अगाडि बढाएको छ ।

ठेक्का लगाउन सूचना जारी गरेको र ठेक्का लाग्न नसकेको पालिका अन्तर्गतका खोलारूमा नदीजन्य पदार्थको अवैध उत्खनन तीव्र गतिमा भइरहेको छ। प्रत्येक वर्ष सरकारले असार १ गतेदेखि भदौ मसान्तसम्मको लागि नदीजन्य पदार्थको उत्खननमा रोक लगाउँदै आएको छ ।

यस अवधिमा प्राविधिक टोलीले नदीजन्य पदार्थको मूल्याङ्कन गर्ने र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरेका पालिकाहरूलाई नदीजन्य पदार्थको उत्खननका लागि इजाजत प्रदान गर्छ। एकपटक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरेको पालिकाले दुई वर्षसम्म नदीजन्य पदार्थ उत्खननको लागि ठेक्का लगाउन सक्छ। अहिले सरकारले रोक लगाएको अवधि सकिएको पनि एक महीना बितिसकेको छ तर पर्सा जिल्लाका दुई पालिकाबाहेक अन्यले आफ् मातहतका नदीहरूको ठेक्का लगाउन सकेका छैनन्।

ठेक्का लगाउन नसक्दा असारदेखि रोकिएको नदीजन्य पदार्थको अवैध उत्खनन भने जारी छ। पर्सा जिल्लामा वीरगंज महानगरपालिका अन्तर्गत भेडाहा खोला, सखुवाप्रसौनी, पटेर्वासुगौली अन्तर्गत जमुनिया, गादी, पटेर्वासुगौली अन्तर्गत भलुवाही, जीराभवानी अन्तर्गत ओरिया, ठोरी अन्तर्गत ओरिया नदीहरू पर्छन् । ओरिया नदी जगरनाथपुर र छिपहरमाई अन्तर्गत पनि पर्छन्। तर यो खोलामा जीराभवानीले मात्र नदीजन्य पदार्थ उत्खननको लागि यस अघिदेखि ठेक्का लगाउँदै आएको थियो । अहिले यो वर्ष भने ठेक्का लगाउन सकेको छैन।

सखुवाप्रसौनी गापाका भौतिक पूर्वाधार शाखाका इन्जिनीयर रामबाबू पटेलले पटेर्वासुगौली गापासँगको सीमाङ्कन विवादका कारण भलुवाही खोलामा ठेक्का लाग्न नसकेको बताए । उनले विवाद टुङ्ग्याउने गरी प्रयास भइरहेको र सो लगत्तै पालिका अन्तर्गतका दुवै खोलाको टेन्डर प्रक्रिया अगाडि बढाइने बताए ।

पटेर्वासुगौली गापाको ऊर्जा तथा वातावरण शाखाका इन्जिनीयर निर्मल सिंहले पछिल्लो समयमा वातावरण परीक्षण प्रतिवेदनको प्रक्रियामा बदलाव आएकोले टेन्डर प्रक्रियामा ढिला भएको बताए । उनले वन क्षेत्र अन्तर्गतका खोलाहरूको टेन्डर गर्दा पालिकाले डिभिजन वन कार्यालयको सिफारिश लिनुपर्ने र त्यस्ता खोलाहरूको हकमा प्रदेश सरकारबाट वातावरणीय परीक्षण प्रतिवेदन उपलब्ध गराउने नियम बनेकोले प्रक्रियामा ढिला भएको बताए । उनले अझै एक/डेढ महीना प्रक्रिया लम्बिने सम्भावना भएको र त्यसपछि टेन्डर हुन सक्ने बताए ।

छिपहरमाईमा रहेको ओरिया खोलाको उत्खननमा रोक लगाइएको छ। त्यहाँ भारतीय पक्षले अवैध उत्खनन गर्दा बाढीको बखत स्थानीयको क्षति बढी हुने गरेकाले सो पालिका अन्तर्गतको खोलाको उत्खनन रोकिएको हो ।

बाँकी खोलाहरूको ठेक्का लगाउनुपर्नेमा पालिकाहरूले चासो देखाएका छैनन् । नदीजन्य पदार्थको ठेक्काबाट पालिकाहरूको आन्तरिक स्रोतमा लाखौं रुपियाँ वृद्धिमा सघाउ पुग्ने भएपनि यसतर्फ पालिकाहरूले खासै चासो देखाएका छैनन् । वीरगंज महानगरपालिकाले पनि भेडियाही खोलाको ठेक्का लगाउन सकेको छैन ।

प्रदेश अन्तर्गतको पर्सा जिल्लाका खोलाहरूमा प्रदेश सरकारले नै नदीजन्य पदार्थ उत्खननको मापदण्ड तय गर्ने गर्छ। दैनिक र वार्षिक उत्खननको तालिका अनुसार पालिकाहरूले नदीजन्य पदार्थको उत्खनन गर्नुपर्ने हुन्छ । यसको अनुगमन जिल्ला समन्वय समितिले गर्छ । जिल्ला समन्वय समितिमार्फत वातावरणीय परीक्षण प्रतिवेदन तयार हुन्छ र त्यसलाई डिभिजन वन कार्यालयले अन्तिम रूप दिएपछि नदीजन्य पदार्थ उत्खननको लागि ठेक्का लाग्ने गर्छ ।

यता पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गतका खोलाहरूको हकमा भने वन उपभोक्ता समितिले अमानतमा नदीजन्य पदार्थको उत्खनन शुरू गराएको छ । निकुञ्ज भएर बग्ने खोलाहरू वीरे र ओरियाबाट वन उपभोक्ता समितिमार्फतका वडाहरूलाई राजस्व बुझेर नदीजन्य पदार्थ उत्खननको लागि स्वीकृति दिएको र सोबाहेकका वडाले त्यसको उपभोग गर्न नपाउने नियम बनाएको निकुञ्जका प्रवक्ता सन्तोष भगतले बताए ।

## पोखरियामा सुधार केन्द्र खुल्यो



तस्वीरःप्रतीक

प्रस, पोखरिया, २ कात्तिक/

राइजिङ नेपालद्वारा सञ्चालित पोखरिया सुधार केन्द्रको शुक्रवार एक कार्यक्रमबीच नगरप्रमुख प्रद्युम्न चौहानले उद्घाटन गरेका छन् ।

पोखरिया नगरपालिकाको सहयोगमा राइजिङ नेपालले सञ्चालनमा ल्याएको सुधार केन्द्रबाट पोखरियामा रहेका लागूऔषध, मादक पदार्थ सेवनकर्ताहरूलाई सुधार्न सकिने नगरप्रमुख चौहानले बताए । उनले पोखरियामा लागूऔषध र मादक पदार्थ सेवनकर्ताहरूको सङ्ख्या बढेको र उनीहरूका कारण घरायसी झगडा बढिरहेको र यस्ता कुलतमा लागेका व्यक्तिहरूको उपचार वीरगंजमा मात्र सम्भव भएकाले अब पोखरियामा सुधार केन्द्रबाट उपचार हुने बताए ।

कुनै पनि नशा गर्नु राम्रो नभएको सन्देश पोखरियाबाट प्रवाह गरिनुपर्ने उनले बताए। सबैजनालाई लागूऔषध र मादक पदार्थजस्तो नशा नगर्न उनले सुझाए ।

राइजिङ नेपालका संयोजक मन्टु गिरीको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष लक्ष्मण साह कानू, मेसु डा अनिल यादव, सशस्त्र प्रहरी निरीक्षक भवराज कटुवाल, सुजीत गिरीलगायतको सहभागिता थियो ।

# मुटुरोगबारे ज्येष्ठ नागरिकलाई स्वास्थ्य परामर्श

प्रस, वीरगंज, २ कात्तिक/

ज्येष्ठ नागरिक पर्साले नियमित



कार्यक्रम अन्तर्गत महीनाको पहिलो शुक्रवार स्वास्थ्य परामर्श कार्यक्रम सम्पन्न गरेको छ ।

वीरगंज महानगर-१५ लक्ष्मणवास्थित ज्येष्ठ नागरिक पार्कमा आयोजना गरिएको स्वास्थ्य परामर्श कार्यक्रममा नेशनल मेडिकल कलेजका हृदयरोग विशेषज्ञ डा अच्युतानन्दलाल कर्णले ज्येष्ठ नागरिकहरूलाई मुटुरोगबारे सचेत गराएका थिए ।

उनले जाडोको मौसममा ज्येष्ठ नागरिकहरूलाई मुटुरोगको जोखिम हुन सक्ने भन्दै त्यसबाट कसरी बच्ने तथा मुटुरोगीहरूले कसरी आफ्नो स्वास्थ्यको हेरचाह गर्नेबारे जानकारी गराएका थिए।

अहिलेको खाद्यान्नमा विषादीको अत्यधिक प्रयोग भइरहेको हुनाले त्यस्ता खानेकुराहरू प्रयोग गर्दा सावधानी अपनाउनुपर्ने, नियमितरूपमा व्यायाम गर्नुपर्ने र मुटुरोगबारे ज्येष्ठ नागरिकले भावी पीढीलाई पनि सचेत गराउनुपर्ने बताएका थिए ।


तस्वीरः प्रतीक

उनले हृदयरोग बढ्नुको मुख्य कारण वंशानुगत, रक्तचाप, धूमपान सेवन, मादक पदार्थ, थाइराइड, वृद्धवृद्धाहरू सामाजिक नहुनु रहेको बताउँदै यी सबैबाट जोगिएर मुटुरोगबाट टाढा रहन सक्ने बताए । उनले वृद्धवृद्धाहरू घरमैं एक्लै चिन्ता गर्नुभन्दा बाहिर निस्किएर भेटघाट गर्नुपर्ने, सामाजिक कार्यमा सक्रिय हुनुपर्ने सुझाव दिएका थिए ।

ज्येष्ठ नागरिक सङ्घ, पर्साका अध्यक्ष श्यामकुमार पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा ज्येष्ठ नागरिक मधेस प्रदेशका संयोजक जगदीशप्रसाद शर्मा, बिन्दु शर्मा, जानकी शर्मा, आशा गौतम, बैधनाथ कोइरी, उषा शाह, रामानन्द कुर्मी, रामप्रसाद पडित, रमेश दत्तलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण ज्येष्ठ नागरिक सङ्घ, पर्साका सचिव विनयराज गौतमले गरेका थिए ।

# पर्सामा तीन महीनामा ५१ जनामा डेङ्गी फेला

प्रस, वीरगंज, २ कात्तिक/

चालू आवको तीन महीनामा पर्सा जिल्लामा ५१ जना डेङ्गी रोगी देखा परेको स्वास्थ्य कार्यालय, वीरगंजले जनाएको छ ।



लामखुट्टेको टोकाइबाट हुने डेङ्गीका ५१ जना, कालाजारका दुईजना, मलेरियाका पाँचजना, जापानिज इन्सेफ्लाइटिसका दुईजनामध्ये एकजनाको मृत्यु भएको सो कार्यालयले जानकारी गराएको छ ।

यसै क्रममा स्क्रब टाइफसका आठजना बिरामी पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ । मलेरियाका बिरामी भारतको गुजरात र मुम्बईबाट आएकाहरूमा देखा परेको सो कार्यालयले जनाएको छ ।

स्वास्थ्य कार्यालयले विगत दुई वर्षयता डेङ्गीका बिरामी सङ्ख्या पर्सा जिल्लामा घट्दै गएको दाबी गरेको छ। दुई वर्ष अघि ५०० बढी डेङ्गीका बिरामी यो जिल्लामा देखिएको तर नियन्त्रणका प्रयासबाट बिरामी घट्दै गएको सो कार्यालयले जनाएको छ ।

लामखुट्टे वृद्धि हुने मौसम शुरू भएको र योसँगै त्यसबाट हुने रोगहरू पनि बढ्न सक्ने भन्दै स्वास्थ्य कार्यालयले असार महीनामा पर्सा जिल्लाका १४ वटै पालिकालाई तालीम, प्रशिक्षण दिनुका साथै प्रदेश सरकारको सहयोगमा चार महीना पुग्ने गरी बिपिआई (बायो लार्भेसाइट फेप्रिकल्स) औषधि उपलब्ध गराएको थियो । तालीमसहित सो औषधिको प्रयोग विधिबारे जानकारी गराएर वितरण गरिएको कारण पनि लामखुट्टेबाट हुने रोगमा केही नियन्त्रण भएको बताइन्छ। बिपिआई १० लिटर पानीमा २५० एमएल हालेर निकास नभएको नालालगायतका स्थानमा छर्दा लामखुट्टेको लार्भा मर्ने स्वास्थ्य कार्यालयले बताएको छ ।

रोग नियन्त्रण महाशाखाको हेटौंडास्थित कार्यालयले वीरगंजमा लामखुट्टे वृद्धि हुने स्थानको निरीक्षण गरेको थियो। तत्काल लामखुट्टे वृद्धिदर नबढेको भन्दै सो कार्यालयले सरकारले तोकेको मापदण्ड अनुसार लामखुट्टेविरुद्ध औषधि प्रयोग गर्न सुझाएको थियो ।

वीरगंज महानगरपालिकाले बिहीवारदेखि लामखुट्टेविरुद्धको अभियान शुरू गरेको छ । प्रत्येक दिन चारवटा वडालाई लक्षित गरेर बिहान र बेलुका लामखुट्टेविरुद्ध स्प्रे र फगिङ स्प्रे शुरू गरेको छ । कात्तिक २४ गतेसम्म लामखुट्टेविरुद्धको अभियान जारी रहने महानगरको सरसफाइ महाशाखाले जानकारी गराएको छ ।

वीरगंज महानगरपालिका-१ बजार



तस्वीरः सौजन्य

छपकैयामा जापानिज इन्सेफ्लाइटिसबाट अहिलेसम्म एकजनाको मात्र मृत्यु भएको र लामखुट्टेबाट हुने अन्य रोगबाट कसैको मृत्यु नभएको सो कार्यालयले जनाएको छ।

## विचारसार र सूक्तिहरू

**माया वस्तुलाई होइन, मान्छेलाई गर। प्रयोग मानिसको होइन, वस्तुको गर।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# विषाक्त मदिरा

भारतको बिहारमा विषाक्त मदिरा सेवन गर्दा २० जनाको मृत्यु भएको छ। नेपालसँग सीमा जोडिएको बिहार राज्यमा सन् २०१६ देखि मदिरामाथि प्रतिबन्ध छ। फेरि पनि यहाँ अवैधरूपमा मदिरा उत्पादन, खरीद–बिक्री, ढुवानी, पैठारी एवं सेवन हुँदै आएको पाइन्छ। बिहारमा विषाक्त मदिरा सेवनबाट हरेक वर्ष सरदर १७० जनाको ज्यान गइरहेको तथ्याङ्क छ। प्रतिबन्धपछिको छ वर्षमा यहाँ विषाक्त मदिरा सेवनबाट एक हजारजनाको ज्यान गयो। मदिरामाथि प्रतिबन्ध भएपछि विषाक्त मदिरा पिएर ज्यान गुमाउने दर बढी छ। प्रतिबन्ध लागू हुनुअघि बिहारमा विषाक्त मदिरा सेवनबाट मृत्यु हुने सङ्ख्या वार्षिक ५० देखि १०० जना थियो। प्रतिबन्धपछि यो सङ्ख्या ह्वात्तै बढेको छ। भारतका गुजरात, मणिपुर, नागाल्यान्डलगायतका राज्यमा पनि मदिरा प्रतिबन्ध छ। त्यहाँ पनि विषाक्त मदिरा सेवनबाट ज्यान गुमाउने सङ्ख्या कम छैन।

मदिरा प्रतिबन्ध सम्बन्धमा आजभन्दा दुई वर्ष पहिले भारतको पटना उच्च अदालतले कडा टिप्पणी गरेको थियो। अदालतले बिहार सरकार निषेधाज्ञा कानूनलाई प्रभावकारीरूपमा लागू गर्न असफल भएको भन्दै बिहारका जनताको जीवन खतरामा पारेको बताएको थियो। न्यायाधीश पूर्णेन्दु सिंहको टिप्पणीमा नक्कली मदिराले स्थान पाउने र यसले सेवनकर्ताको ज्यान लिन सक्ने भन्दै सचेत गराएको थियो। नक्कली मदिरा सेवनबाट बिरामी भएकालाई प्रदेश सरकारले उचित उपचार गर्न नसकेको पनि उल्लेख गरिएको थियो। अदालतले अवैध रक्सीमा मिथाइल मिसाइएको पत्ता लगाएको थियो। त्यसको पाँच मिलिलिटर अंश मानिसलाई अन्धो बनाउन पर्याप्त हुन्छ। हाम्रो मुलुकमा मदिरा प्रतिबन्ध छैन। यहाँ विषाक्त मदिराले कसैको ज्यान लिएको छैन, भन्ने कुरा होइन। यहाँ पनि विषाक्त मदिरा सेवनबाट मृत्यु भएका घटनाहरू छन्। तर स्थान अनुसार फरक छ। हिमाल, पहाडको तुलनामा तराई–मधेस, घनाबस्ती, शहर–बजार क्षेत्रमा विषाक्त मदिरा प्रयोग हुने घटना बढी छ।

हाम्रो मुलुकमा घरेलु मदिरा प्रतिबन्ध छ। कानूनतः यसको उत्पादन, ढुवानी, पैठारी र बिक्री वितरण गर्न पाइँदैन। व्यवहारमा भने जहाँ प्रहरी प्रशासन वा सरकारको नजर पुगेको छ, त्यहाँसम्म प्रतिबन्ध छ। जहाँ सरकारको नजर पुग्दैन वा पुगे पनि देखे अनदेखा गर्नुपर्ने बाध्यात्मक अवस्थाहरूमा केको प्रतिबन्ध ? हिमाल, पहाडको चीसो वातावरणका कारण पनि त्यहाँका अधिकांश बासिन्दा घरेलु मदिरा सेवन गर्छन्। उनीहरू मिसावटरहित आफ्नै खेतबारीको अन्नबाट मदिरा बनाउँछन्। पहाडका भेंडी गोठ तथा हिमालका चौरी गोठमा घरेलु मदिरा सेवन गर्नु भनेको हामीले तराईमा चिया पिए जस्तै हो। उनीहरू लतको रूपमा नभई शरीरको ताजगी र स्फूर्तिका लागि निश्चित मात्रामा मदिरा सेवन गरिरहन्छन्। उनीहरूले आफ्नो रुचि अनुसार ढुक्क साथ स्वस्थ, गुणस्तरीय मदिरा उत्पादन गर्ने हुँदा सेवनबाट ज्यान गएको घटना सुनिँदैन। घरेलु मदिरासँग वातावरण, लोकसंस्कृति र परम्परा जोडिएको अवस्थामा सरकारले पनि केही गर्न सक्दैन। भारतको हिमाचल र अरुणाचल प्रदेशमा सरकारले तयारी गरेको योजना फेल भएको हो। जहाँ लुकेर, चोरेर, हतारमा, धेरै मदिरा उत्पादन गर्नु छ, त्यहाँ अखाद्य पदार्थ मिसावट हुन्छ। अखाद्य पदार्थ विषाक्त हुन्छ र यसको मात्रा [redacted] तत्कालै मृत्यु हुन्छ।

# श्री गुरु रामदासजी र श्री तख्त हरमन्दिर साहेब स्वर्णमन्दिर

श्री गुरु रामदासजी महाराज सिख धर्मका चौथो गुरु हुन्। उनको जन्म वि. सं. २५ आश्विन कार्तिक बदी १५९१, सन् १५३४ मा लाहोरको चुनामण्डीमा भएको थियो। उनको बाल्यकालको नाम 'भाइ जेठा' थियो। साधारण परिवारमा जन्मिएर पनि उनले आध्यात्मिक र धार्मिक मार्गमा ठूलो योगदान दिए। सिख धर्मका तेस्रा गुरु श्री अमरदासजी महाराजले आफ्नी छोरी भानीजीको विवाह वि.सं १६१० मा भाई जेठासँग गराएपछि भाइ जेठा अमरदासजी महाराजका उत्तराधिकारी बने र श्री गुरु रामदासजी महाराजको नामले सिख धर्मको चौथो गुरु बने।

गुरु रामदासजीले सिख धर्मको विकास र विस्तारमा महत्त्वपूर्ण भूमिका खेले। उनले सिख समुदायलाई एकबद्ध पार्ने, सामाजिक सेवाहरूलाई संस्थागत गर्ने, धार्मिक विश्वासको प्रचार–प्रसारमा उल्लेखनीय काम गरे। उनकै नेतृत्वमा अमृतसर शहरको स्थापना भएको थियो, जुन आज सिख धर्मको मुख्य तीर्थस्थलको रूपमा प्रख्यात छ।

उनले सिख समुदायलाई सामाजिक भेदभावबाट मुक्ति दिलाउन गुरु नानक देवजी महाराजले शुरू गरेको लंगर (निश्शुल्क भोजन) प्रथको व्यापक प्रवर्द्धन गरे। यस प्रथामा सबै मानिस, कुनै जात, धर्म वा सम्प्रदायका किन नहुन्, एक साथ बसेर भोजन गर्दछन्। लंगर आज पनि सिख धर्मको महत्त्वपूर्ण अङ्ग हो, जसले मानवीय सेवाको सन्देश दिन्छ।

गुरु रामदासजी महाराजको प्रमुख योगदान भनेको अमृतसर शहर र तख्त श्री हरमन्दिर साहेब (स्वर्ण मन्दिर) को स्थापना हो। सन् १५७७ मा उनले अमृतसरको स्थापना गरे। यो नाम 'अमृत सरोवर' बाट आएको हो, जुन पवित्र जलाशयको रूपमा चिनिन्छ।

दुनीचन्द अमृतसरका एक धनी व्यापारी थिए, उनका पाँच बैनी छोरी थिए। सुखसयल तथा सम्पन्नताका साथ हुर्काएर पालेका छोरीहरूलाई एक दिन बोलाएर सोधे–तिमीहरूको पालनकर्ता को हो ? चारजना छोरीले–पिताजी, तपाईं हाम्रो पालनकर्ता एवं रक्षक हो भने। पाँचौं छोरीको नाम रजनी थियो, उनले भनिन्–परमात्मा हाम्रा पालनकर्ता हुन्। यो सुनेर दुनीचन्द क्रोधित भए र आफ्ना सबै छोरीहरूको गच्छे अनुसार राम्रो घरानामा विवाह गरिदिए।

तर सबैको विरोधका बावजूद रिसले उनले रजनीको विवाह एकजना अपाङ्ग कुष्ठ युवकसँग गरिदिए। रजनीले यसलाई भगवानको इच्छा तथा भाग्य ठानेर स्वीकार गरिन् र पतिको सेवा गर्न थालिन्। उनले सुखसयल, सम्भ्रान्त वेशभूषा त्यागेर माग्नेजस्तो रूप बनाएरजीविका चलाउन थालिन्।

एक दिन रजनी आफ्ना पतिलाई टोकरीमा राखेर अमृतसरको सरोवर नजीक गइन्। त्यहाँ रहेको बैरको रूख





पनि छ जसलाई 'दुःख–भंजनी बेर' भनिन्छ, पतिलाई सरोवरको किनारामा रूखनिर छाडेर गाउँमा खानेकुरा माग्न गइन्। केही समयपश्चात् रजनीका पतिले देखे कि रूखमा बसेका कागहरू एकएक गर्दै सरोवरमा डुबुल्की मार्ने र बाहिर सेतो हाँस बनेर निस्कने गरेको देखे। यस सरोवरमा पक्का केही हुनुपर्छ। अनि सकी नसकी घस्रिँदै सरोवरभित्र पसेर स्नान गरे, तर एउटा बूढी औंला पानी बाहिरै राखे। रजनी फर्केर आउँदा आफ्ना पतिको साटो एउटा सबल, स्वस्थ व्यक्तिलाई देखेर सोधखोज गरिन्। पतिले म नै तिम्रो पति हुँ भन्दा पत्याइनन् र असहज भएर यताउता खोज्न थालिन्। पतिले बूढी औंला सरोवरमा चोभलेका थिएनन् त्यसैले त्यसमा रोग बाँकी थियो, त्यो देखाए र पुराना कुरा स्मरण गराए। बल्ल रजनीलाई विश्वास भयो पतिले कागहरूको कुरा सुनाएर आफू पनि पानीमा पसेको त यो चमत्कारी सरोवर रहेछ। अनि उनले रोगग्रस्त बूढी औंला सरोवरमा डुबाए। औंला पनि रोगमुक्त भयो। रजनीले परमात्मालाई लाखलाख धन्यवाद दिइन्।

यो देखेरे दुनीचन्दले बुझे कि रजनीको विश्वास र भगवानप्रतिको आस्था साँचो थियो। यस घटनाले दुनीचन्दको जीवनमा ठूलो परिवर्तन ल्यायो र उनलाई धार्मिक आस्था र सेवाको महत्त्व महसूस गरायो। यो घटना नै अमृतसरको 'अमृत सरोवर' को पवित्रताको कथा बन्यो, जहाँ धेरै मानिस आस्था र विश्वास लिएर स्नान गर्न जान्छन्।

हरमन्दिरसाहेब मन्दिरको निर्माण यसरी गरिएको छ कि यसमा चारैतिरबाट प्रवेश गर्न सकिन्छ, जसले सिख धर्मको खुलापन, सबैको स्वागत र कुनै पनि भेदभाव नगर्ने सिद्धान्तलाई दर्शाउँछ। दरबारसाहेब अमृत सरोवरको बीचमा शोभायमान छ, जसले यसलाई थप पवित्र तथा आकर्षक बनाएको छ।

तख्त श्री हरमन्दिर साहेबको माथिल्लो भाग तथा पूरा मन्दिर नै शुद्ध सुनले मढिएको छ, जसका कारण यसलाई 'स्वर्ण मन्दिर' भनिन्छ। यो सुनौलो गुम्बज यस मन्दिरको मुख्य पहिचान हो। स्वर्ण मन्दिर सिख धर्मको सबैभन्दा पवित्र स्थल मानिन्छ र यहाँ लाखौं तीर्थयात्री हरेक वर्ष दर्शन गर्न आउँछन्।

तख्त श्री हरमन्दिरसाहेब स्वर्ण मन्दिरको निर्माण मात्र, वास्तुकलामा सीमित छैन, यसको गहिरो धार्मिक महत्त्व पनि छ। मन्दिरमा गुरुवाणी अर्थात् सिख धर्मका महान् पवित्र ग्रन्थबाट लगातार पाठ तथा शबद किर्तन भइरहन्छ। यसले श्रद्धालुहरूलाई आध्यात्मिकरूपमा प्रेरित गर्ने काम गर्छ। सिख धर्मको यो पवित्र स्थल सिख समुदाय मात्र होइन, सबै धर्म, जात र सम्प्रदायका मानिसहरूको लागि सधैं खुला रहन्छ।

गुरु रामदासजी महाराजले सामाजिक समरसता र धार्मिक सहिष्णुताको महत्त्वपूर्ण पाठ दिए। उनले सिख धर्मका पाँच महत्त्वपूर्ण सिद्धान्तहरूलाई आफ्नो शिक्षामा प्रमुख स्थान दिए : नाम जपनु (ईश्वरको नामको स्मरण), कीरत गर्नु (इमानदारीसँग परिश्रम), वण्ड छकना ( बाँडेर खाने), सेवा (निस्स्वार्थ सेवा), र लंगर (समानता र समुदाय सेवाको प्रतीक)।

गुरु रामदासजी महाराजका रचनाहरू श्री गुरु ग्रन्थसाहेबमा सङ्कलित छन्। तिनले शबद (भजन) भक्ति, प्रेम र आध्यात्मिक जागरणको सन्देश दिन्छन्। यी शबदहरूले मानिसहरूलाई जीवनमा सरलता, दयालुता र मानवताको मार्गमा लाग्न प्रेरित गर्छन्।

गुरु रामदासजी महाराजको शिक्षामा धार्मिक सहिष्णुता विशेषरूपमा जोडिएको छ। उनले धर्मको नाममा कुनै पनि प्रकारको विभेद र हिंसा अस्वीकार गरे। उनका अनुसार सबै मानिस इश्वरका सन्तान हुन् र सबैको सम्मान गर्नु नै साँचो धर्म हो।

दरबारसाहेब स्वर्ण मन्दिरको ऐतिहासिक महत्त्व सिख इतिहासमा धेरै घटनाहरूसँग जोडिएको छ। यो मन्दिर सिख गुरुहरूको समयदेखि नै धार्मिक, सांस्कृतिक र राजनीतिक केन्द्रको रूपमा रहेको छ। यहाँ धेरै महत्त्वपूर्ण घटना भएका छन्, जस्तै ब्रिटिश शासनको समयमा जलियावाला बाग हत्याकाण्डको बेला यस मन्दिरको प्राङ्गणमा शरण लिनेहरूको सुरक्षा र १९८४ मा भारतीय सेनाद्वारा 'आपरेशन ब्लू स्टार' का क्रममा भएको हमला।

दरबारसाहेब स्वर्ण मन्दिर सिख धर्मको धरोहर मात्र नभएर विश्वभरिका मानिसहरूका लागि एकता, समानता र धार्मिक सहिष्णुताको प्रतीक हो। यहाँ आउने श्रद्धालुहरूलाई धार्मिक विश्वासको गहिरो अनुभव प्राप्त हुन्छ र यसले संसारभरिका मानिसलाई प्रेम, दया र मानवताको सन्देश दिन्छ। गुरु रामदास जी महाराजको प्रकाशोत्सवको पवित्र उत्सवमा सबैलाई लाखौंलाख बधाई तथा शुभकामना !

श्री गुरु रामदासजी महाराजको प्रकाशोत्सव २०८१



**जसपाल सिंह**

**दरबारसाहेब स्वर्ण मन्दिर सिख धर्मको धरोहर मात्र नभएर विश्वभरिका मानिसहरूका लागि एकता, समानता र धार्मिक सहिष्णुताको प्रतीक हो। यहाँ आउने श्रद्धालुहरूलाई धार्मिक विश्वासको गहिरो अनुभव प्राप्त हुन्छ र यसले संसारभरिका मानिसलाई प्रेम, दया र मानवताको सन्देश दिन्छ।**

# बिजुलीको झिलीमिलीले ओझेलमा माटोका पाला, कुम्भकार चिन्तित

जलेश्वर (महोत्तरी), २ कात्तिक/रासस

बिजुलीको झिलीमिलीमा स्थानीय रमाउन थालेपछि तराईमा तिहार र छठका बेला माटोका पाला, दियो र भाँडाकुँडा बेचेर घरखर्च जुटाउँदै आएका महोत्तरीसहित सम्पूर्ण मिथिला क्षेत्रका कुम्भकारको चिन्तित भएका छन्।

बिजुलीको झिलीमिलीमा रमाउने आधुनिक समाजले माटोका दिया, पालालाई बेवास्ता गर्दा पुस्तौंदेखि महोत्तरीसहित सम्पूर्ण मिथिलाका कुम्हाले चिन्तित भएका हुन्।

दीपावली र छठका बेला बर्सेनि लाखौंका माटाका भाँडाकुँडा र दियो बिक्री गर्ने गरेका कुम्हालेहरू समाजले झिलीमिली बत्ती, प्लास्टिक र धातुका विभिन्न भाँडाकुँडाले गर्दा माटोको भाडाबर्तन, पालालगायत सामग्रीको बिक्रीमा कमी आएको जलेश्वर नगरपालिका–१ का कुम्हाल मङ्गल पण्डितले बताए।

दीपावली, छठ पर्वलगायत अन्य पूजापाठमा अति आवश्यक दियो, ढकनी, घैंटो, मटिया, कुसिया भन्दै सबैले प्रयोग गर्ने बेला आफूहरूलाई ती भाँडाकुँडा पूर्ति गर्न भ्याइनभ्याइ हुने गरेको बताउँछन् भने अहिलेका मानिस आधुनिकतामा रमाएर धातु र प्लास्टिकका भाँडाकुँडा तथा बिजुलीबत्ती प्रयोग गर्न थालेपछि आफूहरूको व्यवसाय चौपट भएको दुःखेसो उनले गरे।

सदरमुकाम जलेश्वरलगायत जिल्लाको मटिहानी, धिरापुर, रामगोपालपुर, गौशाला, औरही, गौशाला, बर्दिबासलगायत गाउँपालिकाका कुम्हालेले माटोको दियो, ढकनी, घैंटो, मटिया, कुसिया, कुरवारलगायत सामग्री बेच्ने गरेकामा अहिले नगण्य मात्रामा ती बजारमा सामग्री बिक्री हुने गरेको महोत्तरी गाउँपालिका–४ का कुम्हाले वीरेन्द्र पण्डितले बताए।



पहिला महोत्तरीका विभिन्न गाउँठाउँमा बनाइएका माटाका भाँडाकुँडा तराईमा मात्र नभएर काठमाडौं, पोखरा, हेटौंडा, जनकपुर र भारतीय शहर मधुवनी, दरभङ्गा, सीतामढी र पटनासम्म निर्यात हुने गरेकामा अहिले स्थानीय बजारमा माग ह्वात्त घटेपछि आफूहरूको पेशा नै धरापमा परेको जलेश्वर नगरपालिका–११ का कुम्भकार सुरज पण्डितले बताए।

अत्यधिक श्रम र लगानीमा तयार गरिने माटोका भाँडाकुँडा, दियो, मटिया, कुसिया, कुरवारलगायत सामग्री बिक्री नहुनु र बिक्री भएपनि लगानीसमेत नआउनुले यस पेशामा अब नयाँ पुस्ता लाग्न नचाहेको जलेश्वर नपा–६ का कुम्भकार नन्दु पण्डित बताउँछन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

वाटिका

२०८१ कात्तिक ०३ गते शनिवार प्रतीक 2024 October 19 Saturday


# दिल्ली एअरपोर्टमा रातभर जाग्राम–२

नियात्रा



सञ्जय मित्र
mitrasanjay41@gmail.com

बिजनेस टिकट हुनेलाई पहिलो, दोस्रो उडान तथा अवतरणको समयमा केही समस्या हुन्छ । तर यो लामो उडान भएकोले खासै त्यस्तो बुझिँदैन । म राम्ररी सतर्क छु – कतै डराउँछिन् रेणु । किनभने लामो दूरीको हवाईयात्रामा डर लाग्ने बताउँदै आएकी थिइन् । उसो त काठमाडौं–सिमरा उडान दशकौंदेखि गर्दै आएकी छन् ।

जहाज उडेको करीब बीस मिनेटपछि खानाको तयारी हुन थाल्छ । मलाई असमञ्जस हुन्छ हामीलाई खाना दिन्छ कि दिँदैन । एअर रूट कन्फर्म गर्नुभन्दा पहिले मैले पनि विभिन्न रूट हेरेको थिएँ । विस्तरामा अङ्ग्रेजीमा लेखिएको थियो – फ्री मिल ।

एउटै च्यानल देखाइरहेका छन्, समाचार । मलाई समाचारमा रुचि छ । थोरै समयपछि बन्टीलाई घुम्न मन लाग्छ । ऊ डुल्न निस्कन्छ तर आधा घण्टाभन्दा बढी समय बितिसकेपछि पनि नफर्किंदा हामी अलि आत्तिन्छौं । कहाँ टेलिभिजनमा समाचार हेर्नुछ । हमास समस्याबारे करीब आधा घण्टाको एउटा रिपोर्ट हेर्छु । अनि विज्ञापन तथा अन्य समाचारहरू आइरहेका छन् । भारतमा बाढीको वितण्डा छ ।

उनीहरू मज्जैले सुत्दछन्, डेढ दुई घण्टा । रेणु मलाई पनि पल्टिन भन्छिन् । म भन्छु – यदि म निदाएँ भने तिमी पनि निदाउँछौ । म पल्टिन्छु, निदाउँदिनँ तर रेणु भने निदाउँछिन् फेरि ।

चार बज्न थालेपछि अब तयारी हुनुपर्ने हो । सबैलाई थाहा छ, नित्यकर्म त गर्नैपर्छ । निदाउन नसके पनि जब मनमा रात कटेको र नयाँ दिनको कामको लागि हामी आफूलाई तयार गर्दछौं, तब प्रारम्भिक कर्महरू गर्नैपर्छ । रेणु र बन्टी



दिल्ली एअरपोर्टको विशाल प्रतीक्षालयमा बिरुवाको अगाडि रेणुजी र छावासहितको हात्तीको प्रतिमाअगाडि लेखक ।

एअरहोस्टेजले प्रशिक्षित नम्र अङ्ग्रेजी भाषामा सोधिन् – भेज कि ननभेज ? सबैले भेज नै रोज्यौं । आकाशमा यो मेरो पहिलो भोजन थियो । यस अघि एकपटक चेन्नईबाट पटना आउँदा असाध्यै भोक लागेर प्लेनमैं खाना माग्दा अढाई सयमा एक गिलास चाउचाउ दिएको थियो । खानाको गुणवत्ताको विषयमा हामीलाई जानकारी भएन तर ताजा र तातो शाकाहारी खानाले बिहान र दिउँसो दुईपटक पटनामा खाएको खानालाई उछिनेको थियो । एकै छिनमा चिया कि कफी ? भन्ने प्रश्न आइपुग्यो । म प्रायः कफी खान्न, चियाको पक्षमा दुईतिहाई बहुमत पुग्यो । चियाको तृप्ति अविस्मरणीय थियो ।

बात मार्दै, खाना खाँदै, चिया पिउँदै यात्रा गर्ने हो भने समय बितेको पत्तो हुँदैन भने दूरी पनि निकै छोटिन्छ ।

अब फेरि उही प्रक्रिया पूरा गर्नुपर्छ । एअरपोर्टको भित्रभित्रै एराइभल भएर सुरक्षा चेकजाँच गराउँछौं । अहिले सामानहरू खासै छैन । सबै ठूला झोला एकैपटक कोयम्बटुरमा लिनेगरी पटनामा नै छाडेका छौं । चेकजाँचको लाइनमा बसेर अभ्यस्त तरीकाले सबै प्रक्रिया पूरा गर्छौं । दिल्ली एअरपोर्टको सुरक्षा अत्यन्त कडा छ । सबै प्रक्रिया पूरा गरेपछि लिफ्ट सिंढीको सहाराले दोस्रो हो कि तेस्रो तल्लामा उक्लन्छौं ।

भोलि बिहान ५:५० बजे मुम्बईको लागि फ्लाइट छ । ठाउँ–ठाउँमा टाँगिएका डिजिटल बोर्डले हाम्रो टिकटमा उल्लेख गरिएको फ्लाइट नम्बरको हवाईजहाजलाई सुरक्षा जाँच बताइरहेको छ । कति धेरै फ्लाइट हुने रहेछ दिल्लीबाट, बाफ रे ! देश–विदेश जाने हजारौं यात्री यताउता गरिरहेका छन् । बस्ने ठाउँ पर्याप्त छ । ठाउँठाउँमा लहरै जोडिएका कुर्सीहरू राखिएका छन् । ठूलठूला टेलिभिजन छन् । टेलिभिजनहरूले गयो ? कतै यत्रो ठूलो ठाउँमा डुल्दाडुल्दै यताउति पऱ्यो कि ? यताउति खोज्छौं पनि, तर डर के हुन्छ भने यदि खोज्दै कतै जान्छौं र ऊ यहाँ आइपुग्यो भने ?

धेरै फ्रेस भएर आउँछ बन्टी । बसेको ठाउँभन्दा सोझै अगाडि शौचालय रहेछ । पानी खाने ठाउँ पनि त्यहीं । उसले देखाएको ठाउँतिर जान्छु । अरूलाई पानी खाएको तथा बोतलमा थापेको देखेर पानी खान सिक्छु । धारा छुन नपर्ने, हात वा बोतल नजीक लैजाँदा आफैं पानी चुहिन थाल्ने । यस्तो कहिल्यै देखेको थिइनँ । एकै सासमा एक मिनेटसम्म पानी खाइरहन्छु । अनि, विचार हुन्छ कि भित्र पसेर शौचालय पनि हेरिहालूँ । प्रयोग गर्न जानुँला कि नजानुँला ? यस्तै विचार गर्दै म पुरुष शौचालयमा जान्छु । आहा, कति सफा ? केही कर्मचारीहरू निरन्तर सहयोग र सफाइमा छन् ।

अत्यन्त सन्तुष्ट र प्रफुल्ल भई म पहिले बसेको ठाउँमा आउँछु । रेणु पनि पानी खाने र घुम्ने इच्छा देखाउँछिन् । वास्तवमा डुल्न आएका छौं भने डुल्नुपर्छ । बोतल लिएर जान्छौं । त्यहाँ पुगेर फेरि अलिकति पानी खान्छु, पालो मिलाएर । रेणु पनि खुशी हुन्छिन् । अब अलिकति डुल्न चाहन्छौं ।

एउटा छावासहित विशाल हात्तीको जीवन्त मूर्ति देखेर अचम्भित हुनु स्वाभाविकै हो । केही फोटा लिन्छौं । अलिकति अगाडि बढ्छौं । एउटा निकै अग्लो नरिवलको रूखजस्तो देखिन्छ । रूख नै हो कि जस्तो पनि लाग्छ ।

फर्केर आउँछौं पहिले बसेको ठाउँमा, बन्टी निदाइसकेको छ । आरामले सुतिरहेका छन् दर्जनौं मानिस । बिहारका मजदूरहरूको एउटा ठूलो समूह पनि छ त्यहीं । कुन देश जान लागेका हुन् कुन्नि ? त्यहीं तीनवटा कुर्सी ओगटेर रेणु ढल्किन्छिन् । अब मेरो दायित्व झन् बढेको छ । सामानको सुरक्षा गर्नुछ र तयार हुन्छन् । अनि लाइनमा लाग्छौं । हामी दिल्लीतिर उड्ने गेटतिर लाग्छौं खोज्दै । डिजिटल बोर्डमा सबै देखाएकै छ । आवश्यक प्रक्रिया पूरा गरेर निर्धारित गेटतिर लम्कन्छौं । अलिक हतार भएजस्तो हुन्छ । तर यो मनोवैज्ञानिक मात्र हो । निर्धारित ठाउँतिर पुग्छौं । एकजना निकै फुर्तिली तर आधुनिक पोशाकमा भद्र महिला देखिन्छिन् । हेर्दा नेपालीजस्तो । अलिकति शङ्का लागेर कन्फर्म हुनलाई सोध्छु – आप मुम्बई के लिए हो ? सज्जन महिलाबाट सहज र उत्सुक जवाफ आउँछ – हजूर ।

मोबाइल चार्जमा लगाउँछौं । बन्टीलाई भन्छु – जाउँ मर्निङ वाकमा । तयार हुन्छ, सिट छाडेर निस्कन्छौं तर पाँच सात मिनेटजति हिंडेपछि ऊ भन्छ – यस्तै त हो नि, फर्कौं । हामी फर्किन्छौं ।

अझै समय बाँकी छ । तौलिया, ब्रश र टुथपेस्ट निकाल्छु । वाशरूमतिर लाग्छु, हातमुख धुन अलमल गरेको देखेर कर्मचारी आएर सहयोग गरिदिन्छन् । बोलचाल बिल्कुल हुँदैन । अलिकति पानी छम्कन्छु जीउमा । मन्त्रस्नानका विधिहरू पूरा गर्नुपरेको छ । साउन महीना भएकोले स्नान नगरी केही खाने कसरी ? अनि यहाँ स्नान गर्ने वातावरण बिल्कुलै छैन । कपाल पुछ्दै निस्कन्छु । अब मेरो आँखामा निद्राको लेस पनि छैन । पूर्ण तरोताजा भएको छु । अनि तयार भएको छु मुम्बई उडानको लागि ।

दिल्ली एअरपोर्टमा जे जति देखियो, सबै अवर्णनीय छ । मेरो लागि न भूतो न भविष्यति । एउटा विस्मयकारी विशाल आधुनिक दुनियाँ । यस एअरपोर्टबाट दैनिक एक हजार पाँच सयको हाराहारीमा उडान वा उडान–अवतरण हुने गर्छ । यस्तो लाग्छ हवाईजहाजको बजार हो वा मेला नै हो ।

■■■

# बुद्ध धर्म आस्तिक हो कि नास्तिक - एक छलफल

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी

बुद्ध धर्मवारे भौतिकवादी साथीहरूकै बीचमा केही अस्पष्टताहरू देखिन्छ । जस्तो कि बुद्ध धर्म पूर्णतः भौतिकवादी हो वा पूर्णतः वैज्ञानिक हो अथवा बुद्ध धर्मलाई अन्धविश्वासमुक्त धर्म मान्ने आदि इत्यादि ।

वास्तवमा बुद्ध धर्म के हो त ? यसबारे हामीले स्पष्ट धारणा बनाउनु जरुरी देखिन्छ । बुद्ध धर्म पनि अरू धर्महरूजस्तै मानव हित अनुकूल नभएको धर्म हो वा अपेक्षाकृत अरू धर्महरूभन्दा रुढिवादिता र अन्धविश्वासको मात्रा कम भएको धर्म हो । विगतमा गौतम बुद्धले समाजभित्र विद्यमान दुःख र दुःखबाट छुटकारा पाउने उपायबारे जे–जस्तो व्याख्या गरे पनि अहिले बुद्ध धर्मले पूर्णतः धार्मिक कर्मकाण्ड तथा पूजापाठको रूप धारण गरिसकेको देखिन्छ । बुद्ध धर्मावलम्बीहरू लामाहरूद्वारा अन्य धर्मका धर्माधिकारीहरूजस्तै पीडित र शोषित रहेका देखिन्छन् । बुद्धको ध्यानलाई पैसा कमाउने व्यवसायको रूपमा सञ्चालन गरेको पनि नदेखिएको होइन । स्तुप तथा गुम्बाहरू पूर्णरूपले पूजापाठको स्थलको रूपमा रूपान्तरित भएको छ । जबकि बुद्ध ईश्वरको अवधारणालाई मान्दैनथे । यस्तोमा गुम्बा र स्तुपभित्र बुद्धकै मूर्ति पूजा गर्नुको औचित्य के ?

वास्तवमा बुद्ध धर्म आस्तिक धर्म हो कि नास्तिक धर्म हो ? वा दुवैको सम्मिश्रण हो, के हो ? यसबारे भौतिकवादीहरूले स्पष्ट धारणा बनाउन जरुरी छ ।

बौद्ध धर्म परम्परागतरूपमा न पूर्ण 'आस्तिक' मानिन्छ, न पूर्ण 'नास्तिक' नै । यो धर्म भौतिकवाद र अध्यात्मवादको बीचमा रहेको देखिन्छ । बौद्ध धर्मको विश्लेषण गर्दा यसलाई नास्तिक, भौतिकवादी, र अध्यात्मवादी विशेषताहरूको मिश्रण भनेर बुझ्न सकिन्छ ।

**१. आस्तिक वा नास्तिक दृष्टिकोण :**

– बौद्ध धर्मले अन्य धर्महरूमा जस्तै 'सर्वशक्तिमान परमेश्वर'को अवधारणा स्वीकार गर्दैन । बुद्धले 'ईश्वर'लाई केन्द्रमा नराखेर मानिसको कर्म, नैतिकता र ध्यानलाई महत्त्व दिएका छन् ।

– बुद्धले सृष्टिकर्ता भगवान्‌बारेमा कुनै स्पष्ट मत दिएनन्, बरु मानिसलाई आफ्नो भोगाइ र अनुभूतिका आधारमा नैतिकता पालन गर्न र मुक्ति प्राप्त गर्न प्रेरित गरे । यस आधारमा बौद्ध धर्मलाई नास्तिक भनिन्छ किनभने यो ईश्वर–आधारित धर्म होइन ।

**२. भौतिकवाद :**


– बौद्ध धर्म भौतिकवादको केही तत्त्वहरूमा आधारित छ, विशेषगरी यसले संसारको अस्थायी र परिवर्तनशील प्रकृतिलाई मान्यता दिन्छ । बुद्धले संसारलाई 'अनित्य' (अस्थायी) मानेका छन्, जसमा सबै वस्तु उत्पत्ति र विनाशको चक्रमा छ ।

– बुद्धले जीवनको पीडा (दुःख)को कारणलाई 'इच्छा' र 'संलग्नता' (आसक्ति) भनेर व्याख्या गरेका छन् । यसमा कुनै आध्यात्मिक शक्ति वा आन्तरिक आत्मालाई महत्त्व दिइँदैन, बरु भौतिक संसारको नियमहरूको अध्ययन र अनुभूति हुन्छ ।

**३. अध्यात्मवाद :**

– यद्यपि बौद्ध धर्ममा कुनै 'परमात्मा' मान्य छैन, यसले आध्यात्मिक उन्नतिलाई अत्यधिक महत्त्व दिन्छ । 'निर्वाण'को प्राप्ति, ध्यान र आन्तरिक जागरणले यसलाई अध्यात्मवादको दायरामा पनि पार्छ ।

– बुद्ध धर्मले मानिसको चेतनालाई शुद्ध गर्न र मुक्ति (निर्वाण) पाउन ध्यान र आत्मनिरीक्षणलाई महत्त्व दिन्छ । ध्यानमार्फत चेतनाको उच्च स्तरमा पुग्न सकिन्छ भन्ने विश्वासले यसलाई





आध्यात्मिक सिद्धान्तको रूपमा पनि स्थापित गरेको छ ।

**४. उदाहरणहरू :**

– ईश्वरको अनुपस्थिति :

बौद्ध धर्ममा ईश्वर पूजा गरिँदैन । उदाहरणको रूपमा बुद्धको शिक्षामा ईश्वरले जीवनलाई नियन्त्रित गर्छन् भन्ने धारणा खारेज गरिएको छ । यो 'नास्तिकता'को सूचक हो ।

– भौतिक संसारको अस्थिरता :

बुद्धले चार आर्यसत्य (दुःख, दुःखको कारण, दुःखको निवारण र दुःख निवारणको मार्ग) प्रस्तुत गरे, जसमा उनले संसारका सबै वस्तु परिवर्तनशील छन् भन्ने 'भौतिकवादी दृष्टिकोण' प्रकट गरे ।

– आध्यात्मिक मार्गदर्शन :

ध्यान, धर्मचक्र प्रवर्तन, र मोक्षको खोज बौद्ध धर्मको केन्द्रमा रहेको छ । यसको अन्तिम लक्ष्य 'निर्वाण' प्राप्त गर्नु हो, जसलाई आत्मज्ञान र शुद्ध चेतना प्राप्ति मानिन्छ । यो 'अध्यात्मवाद'को स्पष्ट उदाहरण हो ।

बौद्ध धर्ममा 'निर्वाण' भन्नाले पीडाबाट पूर्ण मुक्ति र अन्तिम आत्मज्ञान बुझिन्छ । यो अवस्थाले सबै प्रकारका दुःख, इच्छाहरू र संसारिक भ्रमहरूबाट मुक्त हुने अर्थ राख्छ । निर्वाण बौद्ध धर्मको अन्तिम लक्ष्य हो, जसलाई प्राप्त गरेपछि पुनर्जन्मको चक्र (संसार) समाप्त हुन्छ र चेतनाको उच्चतम अवस्था प्राप्त हुन्छ । अर्थात् बुद्ध धर्मले पुनर्जन्म – पूर्व जन्मको मान्यतामा विश्वास राख्छन् । सोझै नभने पनि आत्माको अस्तित्व स्वीकार गर्छन् । आत्मालाई नमान्ने हो भने पुनर्जन्मको चक्र भनेको के हो त ? कसको पुनर्जन्म हुन्छ ?

निर्वाणका मुख्य विशेषताहरू :

**१. दुःखको अन्त्य :**

– बौद्ध धर्मको प्रमुख शिक्षामा 'दुःख' जीवनको अविच्छिन्न अङ्ग हो भनिएको छ । मानिस इच्छा, तृष्णा र मोहको कारण दुःख भोग्छ । निर्वाण प्राप्त गर्नाले यी सबै इच्छाहरूको अन्त्य हुन्छ, जसले गर्दा मानिसको दुःख समाप्त हुन्छ । यहाँनिर बुद्धले वर्ग सङ्घर्षलाई पूरै अस्वीकार गरेको देखिन्छ । समाजमा वर्ग हुनुको कारण आर्थिक व्यवस्था हो । यो रहेसम्म वर्ग रहन्छ भन्ने कुरा बुद्ध मान्दैनन् । वर्गीय समाजमा सबै दुःखको कारण वर्ग विभेद र वर्गीय शोषण नै हो भन्ने कुरालाई नजरअन्दाज गर्दै बुद्धले व्यक्तिको आन्तरिक तृष्णा जस्तो विषयलाई प्राथमिकतामा राखेको देखिन्छ । अर्थात् आर्थिक व्यवस्थाभन्दा पनि वा भौतिक कुराभन्दा पनि अध्यात्मिक कुरालाई प्राथमिकतामा राखेको स्पष्ट छ ।

**२. इच्छा र आसक्तिको समाप्ति :**

– निर्वाणको अर्थ इन्द्रियको इच्छा, तृष्णा र संसारिक वस्तुहरूमा आसक्ति समाप्त हुनु हो । बुद्धका अनुसार मानिसहरूको सबैभन्दा ठूलो समस्या उनीहरूको इच्छा र मोह हो, जसले पुनर्जन्मको चक्रलाई निरन्तरता दिन्छ । निर्वाण प्राप्त गर्दा यी सबै मानसिक अवस्थाहरू नष्ट हुन्छन् ।

**३. अज्ञानताको समाप्ति (अविद्या) :**

– निर्वाण भनेको ज्ञानको सर्वोच्च अवस्था पनि हो । बुद्ध धर्ममा अज्ञानता (अविद्या)लाई संसारिक दुःखको मुख्य कारण मानिन्छ । जब अज्ञानता समाप्त हुन्छ, व्यक्तिले सत्यलाई बुझ्छ र आत्मज्ञान प्राप्त गर्छ । निर्वाण भनेको सत्यको प्रत्यक्ष अनुभूति हो, जसले भ्रमको अन्त्य गर्दछ ।

**४. पुनर्जन्मको चक्रबाट मुक्ति :**

– बौद्ध धर्ममा पुनर्जन्म (संसार)को चक्रलाई दुःखमय मानिएको छ । जब मानिसले निर्वाण प्राप्त गर्छ, उसले यो पुनर्जन्मको चक्रलाई समाप्त गर्छ । यो चक्रबाट मुक्त हुनु भनेको संसारिक जीवनको पीडाबाट पूर्णरूपमा छुटकारा पाउनु हो ।

**५. शान्ति र मुक्तिको अवस्था :**

– निर्वाण भनेको एकदमै शान्त, स्थिर र स्थायी शान्तिको अवस्था हो, जहाँ मानिसको मन कुनै प्रकारको अशान्ति, पीडा, वा भ्रममा पर्दैन । यसलाई सबै पीडाहरूको अन्त्य र परम आनन्दको रूपमा बुझिन्छ । यो पूर्णतः आध्यात्मिक भाष्य हो । मनबाट मात्रै सबै दुःखबाट मुक्ति सम्भव छ र ?

निर्वाणको व्याख्या :

– निर्वाणको व्याख्या सामान्यतया दुई प्रकारले गरिन्छ :

(बाँकी चौथो पातामा)

# बाटो

(लघुकथा)



नवराज रिजाल
सम्पर्क : ९८५११३८६२४
पेशा : प्राध्यापन/पत्रकारिता

म त हजुरको मान्छे । टाउको कन्याउँदै विनीतले कार्यालय प्रमुखलाई बिन्ती बिसायो । अनि कोठामा पुग्यो, काम चाहिं गरेन तर साथीहरू सबै व्यस्त थिए ।

उसलाई वातावरण नौलो र कौतुकपूर्ण लाग्यो । मन हलुङ्गो अनुभूत गऱ्यो । ठिङ्ग उभियो र विगतमा चुर्लुम्म डुब्यो ।

त्यतिखेर जागीरमा भर्खर प्रवेश गरेको थियो । जोश, जाँगर र उमङ्ग चुलिएको थियो । चाकडी, चुक्ली र चापलुसीबाट टाढा रहन्थ्यो । जागीर खाऊ तर स्वाभिमानले, धारणा थियो उसको ।

तर भनेझैं भएन । उसका मान्यता र सोचाइ काबुभन्दा बाहिर बने । सत्यको सधैं जीत हुन्छ अनि भलो गर्ने मानिस कहिल्यै पछि पर्दैन भन्ने लोकोक्तिमाथि प्रश्नचिन्ह खडा भएको अनुभूत गऱ्यो । उसका हातले थुप्रै स्पष्टीकरण लेखे ।

त्यसपछिका दिनमा विगतका आदर्श सिद्धान्त र व्यवहारलाई स्वार्थमा भजाउन, तौलन र नापजोख गर्न लाग्यो । स्वाभिमान बाढीजस्तै बग्यो । तत्पश्चात् उसको दिनचर्या राम्रैसँग बित्न थाले । पदोन्नति हुँदै गयो । यतिखेर ऊ मुखियाबाट नासु बनेको छ ।

तर ऊसँग एउटै पदमा बहाली गरेका निकै साथीहरू सोही पदमा यतिखेरसम्म पनि बहाल छन् ।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

इन्द्रियको माध्यमबाट जे कुरा हामीले जान्यौं, त्यो अप्रत्यक्ष ज्ञान थियो । आँखाको माध्यमबाट हामीले जान्यौं, आँखाले आफ्नो रङ भरिदियो । जुन व्यक्ति कलर ब्लाइन्ड छ, उसले यस जगत्‌लाई त्यसरी हेर्न सक्दैन, जसरी अरू व्यक्तिहरू हेर्छन् । जसको कान बहिरो छ, उसले त्यसरी सुन्न सक्दैन, जसरी अरू मानिसहरूले सुन्छन् । धेरै हाई फ्रिक्वेन्सी साउन्डलाई हामी सुन्न सक्दैनौं । यसलाई हामी अल्ट्रासाउन्ड भन्छौं । यो हाम्रो रेन्जको बाहिर छ । संसारमा यस्ता पशुपक्षी पनि छन्, जसले अल्ट्रासाउन्ड पनि सुन्न सक्छन् । उनीहरूका कान त्यसलाई सुन्न सक्षम छन् । इन्द्रधनुषको पारि पनि अल्ट्रावायलेट रङ छ, जसलाई हामी देख्दैनौं, तर अरू पशुपक्षीहरूले यसलाई देख्न सक्छन् । रातो रङको तल पनि अर्को रङ छ, जसलाई इन्फ्रारेड रङ भनिन्छ, केही पशुपक्षीले यो रङ हेर्न सक्छन् । तर हामी यसलाई देख्दैनौं । हाम्रोलागि रात हुँदा पनि अन्य पशुपक्षी रातमा हिंड्डुल गर्छन् । उनीहरूको लागि रातमा पनि प्रकाश हुन्छ, हाम्रोलागि भने अँध्यारो हुन्छ ।

अतिन्द्रिय ज्ञान जहाँ कुनै इन्द्रियहरू हुँदैनन्, त्यहाँ साक्षात्, सीधासीधा प्रत्यक्ष म स्वयम् नै स्वयंलाई जानिराखेको छु । यो आध्यात्मिक अनुभव हो । आध्यात्मिक प्रश्नको अर्थ हुन्छ, हामी अतिन्द्रिय जिज्ञासा गरिरहेका छौं । म को हुँ ? म मेरो इन्द्रियसमक्ष त हुन सक्दिनँ, म आफ्नो आँखाको सामुन्नेमा हुन सक्दिनँ, म आफ्नो आँखाको पछाडि लुकेर बसेको छु । म आफूलाई अतिन्द्रिय ज्ञानबाट मात्र जान्न सक्छु । मलाई म मात्र जान्न सक्छु, अरू कसैले पनि मलाई जान्न सक्दैन । म अरू कसैको लागि कुनै वस्तु बन्न सक्दिनँ । विज्ञानको प्रयोगशालामा आत्मालाई कहिल्यै जान्न सकिंदैन । आत्माले मात्र आत्मालाई जान्न सक्छ । आफैंभित्र ध्यानमा डुबौं र आफ्नो पहिचान गरौं कि म को हुँ ?

सबैभन्दा पहिले आफैंभित्र स्वयंलाई जानौं कि म को हुँ ? यसपछि सबैथोक ठीक हुँदै जान्छ । स्वयंलाई नजानीकन हामी जे पनि गर्छौं, त्यो अँध्यारोमा कुनै चीज खोज्नु जस्तै हुन्छ । जुन मानिस भित्रबाट शान्त हुन्छ, ऊ जागरूक हुन्छ, प्रेमपूर्ण हुन्छ । उसले संसारमा पनि स्वर्ग बनाउँछ र आफूभित्रबाट पनि परम मोक्ष र निर्वाण प्राप्त गर्छ ।

निश्चितरूपले हामी दुवै मन्जिल प्राप्त गर्न सक्छौं, तर दुवैमा प्राथमिकता भने हामीले आत्मज्ञानलाई दिनुपर्छ । सर्वप्रथम हामीले भित्रबाट स्वयंलाई जान्नुपर्छ । जुन मानिसभित्र अँध्यारोमा छ, उसले बाहिर जेसुकै गरे पनि उसलाई लाग्छ, मलाई सफलता प्राप्त भएन । सायद अरू मानिसहरूले उसलाई सफल मानिसको रूपमा गणना किन नगरून्, भित्रभित्रै उसलाई लागिरहेको हुन्छ कि म भटकिरहेको छु, मलाई कुनै तृप्ति भइरहेको छैन, मलाई कुनै शान्ति भइरहेको छैन, मलाई कुनै सन्तुष्टि भइरहेको छैन ।

क्रमशः

**बुद्ध धर्म ...**

**१. सोपाधिशेष निर्वाण (सजीव निर्वाण) :**

यो अवस्था तब प्राप्त हुन्छ जब व्यक्ति इच्छा, मोह र अज्ञानता समाप्त गरेर शारीरिकरूपमा बाँचिरहेको हुन्छ । यस अवस्थामा व्यक्ति अझै संसारमा बाँचिरहेको छ तर पूर्णरूपमा मुक्त भइसकेको हुन्छ ।

**२. अनुपाधिशेष निर्वाण (निर्जीव निर्वाण) :**

यो अवस्था तब प्राप्त हुन्छ जब निर्वाण प्राप्त गरेको व्यक्तिको शारीरिक मृत्यु हुन्छ । यसपछि ऊ पूर्णरूपमा पुनर्जन्मको चक्रबाट मुक्त हुन्छ ।

यहाँ हामीले ध्यान दिनुपर्ने कुरा यो हो कि मान्छेको मृत्युपश्चात् ऊ यसै मुक्त भइहाल्छ । मृत्यु नै सबै दुःखबाट मुक्त हुनु हो भन्ने कुरामा शङ्का नै छैन, किनभने मानिसको शरीरभित्र न कुनै आत्मा छ, न मरेपछि उसले कुनै पुनर्जन्मको चक्रमा जानुछ । ऊ ज्ञानी होस् वा अज्ञानी होस् पुनर्जन्म नै नभएपछि मरेपछि सबै प्रकारको दुःखबाट मुक्ति पाइहाल्छ ।

यसरी निर्वाण बौद्ध धर्ममा एउटा अन्तिम आध्यात्मिक अवस्था हो, जहाँ व्यक्ति इच्छाबाट मुक्त हुन्छ, दुःखको अन्त्य हुन्छ र पुनर्जन्मको चक्रबाट छुटकारा पाउँछ । यो पूर्ण शान्ति, मुक्ति, र ज्ञानको अवस्था हो, जसलाई प्राप्त गर्न ध्यान, नैतिकता र ज्ञानको मार्ग अवलम्बन गरिन्छ । हो यही पक्षलाई भौतिकवादीहरूले गम्भीरतापूर्वक लिएको देखिंदैन । उनीहरू गौतम बुद्धले ईश्वरलाई नमानेको हुनाले नै भौतिकवादी र नास्तिक हुन् भन्ने कुरालाई प्राथमिकतामा राखेर बहसमा लागेको देखिन्छ ।

निष्कर्षः

बौद्ध धर्मलाई परम्परागतरूपमा 'नास्तिक' र 'अध्यात्मवादी' मिश्रण मान्न सकिन्छ, जहाँ यो भगवानको उपस्थिति अस्वीकार गर्छ तर ध्यान, नैतिकता र आत्मज्ञानलाई केन्द्रमा राख्छ । यसले 'भौतिकवादी' दृष्टिकोणमा संसारको अस्थायित्वलाई मान्यता दिन्छ तर मानिसको आन्तरिक उन्नतिलाई उच्च महत्त्व दिन्छ । अहिलेको समाजमा बुद्ध दर्शनमा हिंडेर हाम्रो समाज कुनै पनि प्रकारको दुःखबाट निर्वाण पाउने अवस्था छैन । जबसम्म हामी विभेदमा खडा भएको राज्य सत्तालाई ध्वस्त गर्दैनौं र पूँजीवादी अर्थतन्त्रलाई समाप्त पारी सामुदायिक उत्पादनमा जाँदैनौं, आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्दैनौं तबसम्म हामी केवल आत्मज्ञानले मानसिकरूपमा निर्वाण पाएको जस्तो अनुभूति गरे पनि वास्तविकतामा हामी दुःखैदुःखको चाङभित्र निसासिइरहने छौं भन्ने कुरालाई भौतिकवादीहरूले मनन गर्न जरुरी छ ।

# न काम न दाम, सधैं ठण्डाराम

व्यङ्ग्य




बद्रीप्रसाद ढकाल
सम्पर्कः ९८५११९६४८६
पेशा : लेखन, सम्पादन तथा प्राध्यापन

समयले मानिसलाई दामप्रेमी बनाएको छ । तर दाम कमाउन त सीपको काम गर्नुपऱ्यो नि गफ चुटेर बसेपछि त सधैं ठण्डाराम । परिश्रम, न बलको न विवेकको कामै नगरेपछि के गर्नु ? कामको मूल्याङ्कन त पछिको कुरो न हो । श्रमजीवीहरू काम खोज्छन्, शरमजीवीहरू ठीकविपरीत सबै पचाएर दाम खोज्छन् । बिहानदेखि बेलुकासम्म काम कुम्ल्याउँछन्, उसको नाम चाहिं मर्मजीवी । अझ बुद्धिजीवी, धर्मजीवी कि पापजीवीहरू कर्म कुकर्म गरेर कमाउँछन् भनौं कि टन्न कुम्ल्याउँछन् । यो काम र दामको सम्बन्ध दिन र रातको जस्तो भन्दा पनि कामको र पसिनाको जस्तो छ, अझ माम त झन् टाढा । काम गर्नेहरू खट्छन्, मेहनत गर्छन्, पसिनाले आँतमा प्यास मेटाउँछन् । मालिक भनाउँदाहरू उनीहरूको तिनै श्रमको ज्याला लुटेर मोटाउँछन् । खाउँ भने दिनभरको कमाइ नखाउँ भने कान्छा बुबाको अनुहार भा'को छ, जागीर भन्ने कुरो ।

परिश्रम गरेर सुखको सपना बुन्नेहरू झझल्कोमा सपना बुन्छन्, आशा कोरल्छन् तर दाम सपना बनेर उड्छ । कसैगरी भेट्टाउन खोज्छन्, समात्न खोज्छन् तर दामहरू आँखाअगाडिबाटै हरिन्छ । आशा मर्दैन आस राखेर केही होला भन्ने मानी जीवन रहेसम्म काम गर्छन्, दाम समाउन खोज्छन् तर पनि असमर्थतामा बाँच्छन् मात्र बाँच्छन् अनि भोकमैं मर्छन् । यो भोकमाथिको राजनीति चलिरहेकै छ । जो आदर्शवादी कुरा गर्छ, आफूलाई मानवताको पक्षधर मान्छ, ऊभन्दा पसिना चुस्ने अरू कोही हुन्न । त्यसैले आज जो कर्मजीवी छैन, जो मर्मजीवी छैन, दाम तिनीहरूसँगै छ । बदनाम पनि तिनीहरूसँगै छ । जसले शोषण गर्छ, आफैंलाई मात्र पोषण गर्छ, अरूको मर्कामा एक धर्का लगाउँछ, अनि चुरोटका सर्को लगाउँछ, मानौं ऊ यो देशको महान् चिन्तक हो, ऊ जतिको विवेकशील छ, जसले आफ्नोभन्दा अरूको सोच्दैन बारम्बार पूजा गर्छ तर धर्म खोज्दैन ।

मान्छे हुँ भन्छ तर धर्म गर्न खोज्दैन, त्यस्ताले कामलाई दाम बनाएर लगाम लगाएका छन् । निर्दयी बनेर सोझासाझालाई विनाज्यालामा भगाएका छन् । बलकै भरमा किन नहोस् डर, धम्की, त्रास देखाएर सताएका छन् । अनि आफन्त बनेर, सहयोगी बनेर जोताएका छन् । मीठा कुरा गरेर फसाएका छन् । नेताका पुच्छर बनेर होस् या बन्दुकको नाललाई भनेर होस्, काम छलेर दामको खेती गरेका छन्, दाम तिनीहरूकै प्यारो छ । अरू कर्मजीवीलाई चाहिं बाँच्न साऱ्है गाऱ्हो छ, अझ भनौं ओठमा मुस्कान नपाएर हाँस्न साऱ्हो छ । हैन त !

श्रमद्वारा नै समृद्धि आउँछ भन्छौं । अरूको देश विकास भयो भनेर फलाक्छौं, अरू काम गर्छन्, हामी कुरा काट्छौं, आफू केही गर्दैनौं, अरूकै ज्याला चाट्छौं, अरू सीपसँग दाम साट्छन्, हामी भीडभाडमा बगली काट्छौं । मैं ठूलो, मैं जान्ने भनेर दिमाग चाट्छौं । अरू मेशीन सरह काम गर्छन्, हामी ढल्या सिनको




नउठाइ भुँडी भर्छौं, अर्काकै राम्रो मानेर डाह र ईर्ष्यामा लागेपछि अनि नहोस् त उन्नति । हाम्रो नभए कसको हुने हो हैन त । युवा जोश, जाँगर भएको बेला आफैं जुट्छन्, हामी आफैंले खाएको थालमा चुठ्छौं, बाउबाजेको खालोमा सालोको रजाइ जस्तै लुटको धनमा फुपूको श्राद्धे गर्छौं । अरू विवेकको तख्तामा बुद्धि मोड्छन्, वृद्धि जोड्छन्, मेहनत गर्न हाड घोट्छन्, नजानेको कुरा सोध्छन्, नयाँनयाँ कुरा खोजी गर्छन् । हामी बाउबाजेको कमाइमा बारम्बार भोज गर्छौं, अनि भएनौं त ठूला । कि कसो जापानमा विकास, युरोपमा उन्नति, नेपालमा खति, ढुङ्गाले ताकीताकी सरकारी सम्पत्ति फुटाउनेको प्रगति नभएर हुन्छ ? दिनरात नभनी मेहनत गर्नेको कसरी विकास भयो ? दङ्ग पर्छौं, खान्छौं, अल्छी लाग्छ हाई काढ्छौं । आखिर कुम्भकर्णको चेला महाचेला न पर्‍यौं अफिसको कुर्सीमा होस् कि बसको सीटमा, घरको ओछ्यानमा होस् कि भट्टीको रछ्यानमा लड्नु पनि त चानचुने कुरो त होइन नि । ईश्वरले बनाएको दुईटा हात त अरूसँग माग्न, लाजै पचाएर अरूको अगाडि थाप्न त हो नि, आँखा चिम्लेर भएपनि, आँखा मिचेर भएपनि के भो ? आफ्नो खुट्टामा आफैं बन्चरो हान्नु गर्व गर्नु हो । नकाम होइन रे ! जेहोस् कामलाई आफनो बनाउन नसके पनि एकजनाको कामले दशौंजना माम हसुरे पनि बाँचेको जस्तै त छौं । काम गरेर पनि भोक मार्न नसकेपछि हाम्रो राष्ट्रिय रोग ग्यास्ट्रिक नभएर के हुने ? पीर नमान्नुस्, खाएकै मान्छे मोटोघाटोलाई नाले रोग डाइबिटिज, युरिक एसिड, हर्ट डिजिज छँदैछ नि । कामदार सधैं भोकै पर्छ, केही नगर्ने मालिक महलबाट डकार्छ । महीनौं काम गर्छ, तनखा लिन्छ, आफू खाँदैन, ठग्न जाँदैन, त्यसैले कामले दामले मिलेर लाउँदैन । आलस्यले फूर्तिलो हुन जान्दैन, आयोडिन खाए पनि नखाए पनि स्वास्थ्य बलियो भएपनि मानसिकता चाहिं सुस्त, सोचाइ अपाङ्ग भएपछि उन्नति भएन भन्नु चाहिं वर्षाको भ्यागुतो कराउनु जस्तो हैन क्या रे कि कसो ।

# एक जीवन्त व्यक्तित्वः जीवन पोखरेल

चन्द्रमोहन अधिकारी

डा जीवन पोखरेल, डेटा साइन्स, कृत्रिम बुद्धिमत्ता (AI) र मेशीन लर्निङका अग्रणी व्यक्तित्व हुन्, जो मेलबर्न, अस्ट्रेलियास्थित RMIT विश्वविद्यालयमा प्रमुख डेटा वैज्ञानिकको रूपमा कार्यरत छन् ।

उनी विश्वभर आफ्नो पहिचान बनाउन चाहने नेपाली पेशेवरहरूका लागि प्रेरणाको स्रोत बनेका छन् । अनारमनी, झापामा जन्मिएका डा पोखरेल सुकेधारा, काठमाडौं निवासी हुन् । उनले नेपालबाटै इन्जिनीयरिङमा स्नातक गरेपछि थाइल्यान्डको एशियन इन्स्टिच्युट अफ टेक्नोलोजीमा मास्टर डिग्रीका लागि पूर्ण छात्रवृत्ति पाए । त्यहींबाट शुरू भएको उनको यात्रा, फ्रान्समा दोहोरो मास्टर डिग्री र त्यसपछि पूर्णरूपमा वित्तपोषित पिएचडीको अवसरसम्म पुग्यो ।

पिएचडी गर्ने क्रममा डा पोखरेलको मल्टिमिडिया सेवामा गरिएको अनुसन्धान सफलतापूर्वक व्यावसायिक उत्पादनमा रूपान्तरण भएको थियो, जसले जटिल अनुसन्धानलाई व्यावहारिक प्रयोगमा रूपान्तरण गर्ने उनको क्षमतालाई स्पष्ट पाऱ्यो । उनले IPNQSIS र NOTTS जस्ता प्रमुख युरोपेली अनुसन्धान परियोजनाहरूमा पनि योगदान दिएका छन् ।

उनको ख्याति युरोपमा मात्र सीमित छैन । उनका अनुसन्धानहरू थुप्रै जर्नलमा प्रकाशित भएका छन् र अन्तर्राष्ट्रिय



सम्मेलनहरूमा प्रस्तुत भएका छन् । संयुक्त राज्य अमेरिकामा उनको नवीनतालाई सम्मानित गर्दै, उनी लास भेगास, अमेरिकामा आयोजित IEEE CCNC 2013 TouchDevelop मोबाइल कोड जाममा दोस्रो स्थानमा विजयी भएका थिए । पिएचडीपछि उनी मेलबर्न, अस्ट्रेलियास्थित RMIT विश्वविद्यालयमा प्रमुख डेटा वैज्ञानिकको रूपमा नियुक्त भए, जहाँ उनले डेटा साइन्स, एआई र मेशीन लर्निङमा प्रभावकारी परियोजनाहरूको नेतृत्व गरिरहेका छन् ।

RMIT मा डा पोखरेलले डेटा–आधारित समाधानहरू प्रयोग गरी विद्यार्थीहरूको संलग्नता र अनुसन्धान क्षमताहरूलाई प्रवर्द्धन गर्ने पहलहरूको नेतृत्व गरेका छन् । जर्नल, सम्मेलन पत्रहरू र पुस्तक अध्यायहरूसहित १५ भन्दा बढी सहकर्मी–समीक्षित प्रकाशनहरूसँगै उनका अनुसन्धानहरू विभिन्न देशका विद्वान्हरूले उद्धृत गरेका छन्, जसले डेटा साइन्स, एआई र मेशीन लर्निङमा एक विचारशील नेताका रूपमा उनको प्रतिष्ठा झल्काउँछ ।

डा पोखरेलको यात्रा एक सशक्त रणनीतिक खेल जस्तै हो, जहाँ हरेक चाल सावधानीपूर्वक योजना बनाइ कार्यान्वयन गरिएको छ, जसले उनलाई विश्वव्यापी सफलतामा पुऱ्याएको छ । यस क्षेत्रका एक शीर्ष व्यक्तिका रूपमा उनले देखाएका छन् कि कौशल र सटीकताका साथ जटिल चुनौतीहरूलाई पनि सजिलै पार गर्न सकिन्छ । उनका अथक प्रयासहरूले व्यक्तिगत उपलब्धिहरूलाई मात्र उजागर गर्दैनन्, यसले विश्वभरका आकाङ्क्षी डेटा वैज्ञानिक र एआई पेशेवरहरूलाई आफ्नै बलबुतामा सफलताको रणनीति पछ्याउन प्रेरित गर्छ ।

गजल



होमशङ्कर बाँस्तोला
पुरस्कार/सम्मानः जनान्दोलन घाइते सम्मान (नेपाल सरकार) २०६३, भानुभक्त काव्य पुरस्कार, २०७१, यज्ञराज घले संस्था पुरस्कार, २०७४, प्रेस काउन्सिल साहित्यक पत्रकारिता पुरस्कार, २०७६

कतिखेर हारिने हो जिन्दगी छ दाउ
आँसु धेरै बगेको छ दुखेर यो घाउ

दुनियाँको माया गर्न बिर्सिएर होला
आफ्नो स्वार्थ पूरा गर्न कति मोल्छौ पाउ

माटोमाथि चोट पर्दा हाम्रै छाती दुख्छ
जननीको माया गर्न शान्ति गीत गाउ

पुलबाट पारि तर्नु मरेपछि होला
जीवितमा तरिराख्छु सिमलको नाउ

शहरमा कठिन छ बाँच्न आजभोलि
दिनैपिच्छे बढेको छ सामानको भाउ

# साइनो

कविता



डा छायादत्त न्यौपाने 'बगर'
सम्पर्कः ९८५११५७१९३
पेशाः लेखन, सम्पादन तथा प्राध्यापन

भोकको छटपटी
आगो छैन झोपडीमा
डकार्दै छन् महलहरू !

घाम छेक्छ महल
मान्छे भेट्ने रहर थ्यो !
कहिल्यै पूरा नहुने भो !!

शून्य छ विचार
अनिकाल छ कर्मको
जन्मेन खै जनशासक ?

छुद्र मनका धनी
दरिद्र यी विवेकका
मनमौजी छन् धूर्तहरू !

लुछे, सृष्टि सौन्दर्य
मत्त धनबहादुर
थिचिए मनबहादुर !

ज्यान जान्छ मुसाको
ख्यालठट्टामा बिरालो
विनाश सृष्टि सौन्दर्यको !

छुद्र मनका धनी
दरिद्र यी विवेकका
मनमौजी यी धूर्तहरू !

शक्तिशाली पाखुरा
जीवन बाँच्ने इमान
शिर उठाउन सक्षम ?

# अन्तर्राष्ट्रिय समाचार

## सुनको मूल्य प्रतिआउन्स दुई हजार ७०० डलरभन्दा माथि

हङकङ, २ कात्तिक/एएफपी

व्यापारीहरूले सुनलाई सुरक्षित सम्पत्तिको स्रोतको रूपमा सुनलाई लिएपछि एशियाली बजारमा शुक्रवार सुनको मूल्य प्रतिआउन्स दुई हजार ७०० अमेरिकी डलरभन्दा माथि पुगेको छ।

इजरायलले हमासका प्रमुख याह्या सिनवारको हत्या गरेको बताएपछि मध्यपूर्वलगायत क्षेत्रमा बढ्दो भूराजनीतिक अनिश्चितताका बीच व्यापारीहरूले सुनलाई सुरक्षित सम्पत्तिको रूपमा कारोबार गर्दा यसको मागमा आएको वृद्धिले सुनको भाउ ह्वात्तै बढेको हो।




एशियाली बजारमा शुक्रवार सुनको प्रारम्भिक मूल्य दुई हजार ७०४.८९ अमेरिकी डलरको सर्वकालिक उच्च बिन्दुमा पुगेको थियो। बिहीवार सुनको मूल्य प्रतिआउन्स दुई हजार ६८८.८३ डलर कायम भएको थियो।

इजरायलले गाजामा हमास र हालै दक्षिणी लेबनानमा हिजबुल्लाहसँग लडिरहेको बेला मध्यपूर्वको सङ्कटलाई लिएर सुन बजार प्रभावित भएको हो।

केन्द्रीय बैंकहरूले ब्याजदर घटाउने उपाय अपनाउँदा यस वर्षको शुरूदेखि नै सुनको मूल्यमा ३० प्रतिशतको हाराहारीमा वृद्धि हुन पुगेको थियो। मूल्यमा देखिएको निरन्तरको वृद्धिले गर्दा सुन लगानीकर्ताका लागि थप आकर्षक सम्पत्ति बनेको छ।

युक्रेनमा लामो समयदेखि चलिरहेको युद्धका बारेमा चिन्ताले व्यापारीहरूमा सुरक्षित लगानीको चाहना बढ्नुलाई स्वाभाविक मानिएको छ। रासस

## जर्मन चान्सलर स्कोल्ज र एर्दोगानबीच आप्रवासी समस्याबारे छलफल हुने

इस्तानबुल, २ कात्तिक/एएफपी

जर्मनीका चान्सलर ओलाफ स्कोल्ज मध्यपूर्वको बढ्दो सङ्कट र आप्रवासनबारे रेसेप तैयप एर्दोगानसँग वार्ता गर्न शनिवार टर्कीको भ्रमण गर्ने भएका छन्।

पदभार ग्रहण गरेको केही महीनापछि सन् २०२२ को मार्चमा अन्तिमपटक टर्कीएको भ्रमण गरेका स्कोल्जले इस्तानबुलमा राष्ट्रपति एर्दोगानलाई भेट्नेछन्।

गत साता जर्मन अधिकारीहरूले युक्रेन युद्ध, मध्यपूर्वको द्वन्द्व र आप्रवासनलाई भ्रमणको मुख्य केन्द्रबिन्दु बनाउने बताएका थिए। युरोपको सबैभन्दा धेरै प्रवासी रहेको जर्मनीसँग टर्कीएको सम्बन्ध संवेदनशील छ र बर्लिनले एर्दोगानको नेतृत्वमा रहेको मानव अधिकार र लोकतन्त्रको अवस्थाबारे चिन्ता व्यक्त गरेको छ।

गाजामा इजरायल–हमास युद्ध शुरू भएपछि सम्बन्ध थप तनावपूर्ण बनेको छ।

एर्दोगान लामो समयदेखि गाजामा इजरायलको एक वर्ष लामो सैन्य अभियान र लेबनानमा इजरायलको घातक धक्काको कडा आलोचक रहँदै आएका छन्। एर्दोगानले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूलाई नाजी जर्मनीका एडोल्फ हिटलरसँग तुलना गर्दै आएका छन्।

बर्लिन इजरायलको बलियो समर्थक हो र जर्मनीले संयमको लागि आह्वान गर्दै इजरायली आत्मरक्षाको अधिकारको रक्षा गरेको छ।

एर्दोगानले गत वर्ष जर्मनीको भ्रमण गर्दा स्कोल्जसँग द्वन्द्वलाई लिएर कडा धारणा राखेका थिए।

अमेरिकी थिङ्क ट्याङ्क जर्मन मार्शल फन्डका ओज्गुर अनलुहिसारसिक्लीले एएफपीसँग भने, "स्कोल्जको एजेन्डाको प्रमुख विषय शरणार्थी व्यवस्थापन र सहयोग हुने सम्भावना छ किनभने युरोपभरि शरणार्थीविरोधी भावना बढिरहेको छ।"

शरण खोज्नेहरूले शृङ्खलाबद्ध हिंसात्मक अपराध र आक्रमणहरू गरेपछि स्कोल्जको सरकार यस मुद्दालाई लिएर चर्को दबाबमा परेको छ।

गत महीना बर्लिनले टर्कीका असफल शरणार्थीलाई देश निकाला गर्ने योजनालाई अघि बढाउने योजनामा अङ्कारासँग सम्झौता गरेको थियो।

इस्तानबुलको ओजिगिन विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक डेनिज सर्टले भने, "आप्रवासन एक यस्तो विषय हुन सक्छ, जहाँ दुवै राज्य एउटै बिन्दुमा हुनेछन्।"

उनले भने, "दुवैले आफ्नो सीमाभित्र सुव्यवस्था कायम गर्ने अधिकार र दायित्व आफूहरूको रहेको र अनियमित आप्रवासी सुरक्षा खतरा भएको तर्क गर्नेछन्।" रासस

## हमास प्रमुखको मृत्यु भएको इजरायली प्रधानमन्त्री नेतन्याहूद्वारा जानकारी

तेल अभिभ, २ कात्तिक/एएफपी

प्यालेस्टिनी इस्लामिक लडाकू समूह (हमास)का प्रमुख तथा गत वर्ष अक्टोबर ७ मा भएको भयानक आक्रमणका मुख्य योजनाकार याह्या सिनवारको मृत्यु भएको इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले बिहीवार राति पुष्टि गरेका छन्।

प्रधानमन्त्री नेतन्याहूले आफ्ना सहयोगीलाई हमास प्रमुखको मृत्युबारे इजरायली बन्धकका परिवारलाई जानकारी दिन पनि निर्देशन दिएका छन्।

अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले हमास प्रमुखको मृत्यु 'न्यायिक' भएको बताएकी छन्। "हमासले इजरायलका लागि निम्त्याएको खतरालाई निर्मूल पार्नुपर्छ," अर्को महीना हुने अमेरिकी राष्ट्रपतीय चुनावका लागि डेमाक्रयाटिक उम्मेदवार ह्यारिसले भनिन्, "परिणामस्वरूप विश्वले सुरक्षित महसूस गर्न सक्नेछ र पीडितका परिवारले राहत महसूस गर्नेछन्।"

इजरायली रक्षा बल (आइडिएफ)ले गाजामा आफ्नो कारबाईका क्रममा तीनजना हमास लडाकू मारिएको पुष्टि गरेको थियो। इजरायली आक्रमणमा मृत्यु भएका तीन लडाकूमध्ये एक हमासका प्रमुख याह्या सिनवार भएको बताइएको छ।

आइडिएफले एक्समा एक पोस्ट शेयर गर्दै लेखेको छ, "गाजामा आइडिएफ अपरेशनको क्रममा तीनजना मारिएका थिए। आइडिएफ र आइएसएले आतङ्कवादीमध्ये एक याह्या सिनवार भएको सम्भावनाको वैज्ञानिक पुष्टि गर्न आवश्यक जाँच भइरहेको छ।"

मङ्गलवार आइडिएफ र शिन बेट सुरक्षा निकायले अक्टोबर ७ मा भएको आक्रमणमा सहभागी हमासका तीन 'आतङ्ककारी' हालैका दिनमा भएका हवाई आक्रमणमा मारिएको जनाएको छ।

इजरायलले लेबनानमा गरेको हवाई आक्रमणमा हिजबुल्लाहका अर्का उच्च पदस्थ नेता हसन नसरल्लाहको मृत्यु भएको केही हप्तापछि यो घटना भएको हो।

यस अघि हमासका अर्का वरिष्ठ नेता इस्माइल हनियाको इरानमा मृत्यु भएको थियो। तेहरान र हमासले हनियाको मृत्यु भएको घटनामा आक्रमणको आरोप इजरायलमाथि लगाए पनि इजरायलले न त यो आरोप स्वीकारेको छ, न त अस्वीकार नै गरेको छ।

हालै आइडिएफले गाजामा हमास सरकारका प्रमुख राउही मुश्ताहा र हमासको राजनीतिक ब्युरोमा सुरक्षा जिम्मेवारी सम्हालेका समेह अल सिराजसहित हमासका उच्चपदस्थ अधिकारीहरूको मृत्यु भएको जनाएको थियो।

टाइम्स अफ इजरायलका अनुसार मङ्गलवार आइडिएफले जाबालियामा भएको हवाई आक्रमण र भिडन्तमा हमासका करीब २० जना लडाकू मारिएको जनाएको छ।

इजरायली सेनाका अनुसार युद्धका क्रममा सेनाले एउटा हतियार डिपो र अन्य हतियार पनि फेला पारी नष्ट गरेको छ।

सेनाले भनेको छ, "यो अभियान आवश्यक भएसम्म जारी रहनेछ र योजनाबद्धरूपमा आक्रमण र त्यस क्षेत्रमा रहेका आतङ्कवादी संरचनालाई पूर्णरूपमा नष्ट गरिनेछ।"

सोमवार आइडिएफले उत्तरी गाजाका बेइट हनौन, जबालिया र बेइट लहियाका प्यालेस्टिनीहरूलाई गाजाको दक्षिणमा रहेको इजरायलद्वारा निर्दिष्ट मानवीय क्षेत्रमा स्थानान्तरण गर्न आदेश दिएको टाइम्स अफ इजरायलले जनाएको छ। रासस






## देशभर बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाइँदै

काठमाडौं, २ कात्तिक/रासस

बालबालिकालाई आज शुक्रवार र भोलि शनिवार देशैभर भिटामिन 'ए' र जुकाको औषधि खुवाइँदैछ। स्वास्थ्य सेवा विभाग अन्तर्गतको परिवार कल्याण महाशाखाका पोषण शाखा प्रमुख लीला विक्रम थापाले कात्तिक २ र ३ गते ५ वर्षमुनिका बालबालिकालाई लक्षित गरी कार्यक्रम गरिने बताए।


काठमाडौं तारकेश्वरको मनमैजुमा बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउँदै महिला स्वयंसेविका। तस्बिरः रासस

उनले ७५३ स्थानीय तहमा यसको व्यवस्था रहेको जनाउँदै पायक पर्ने स्थान विद्यालय, वडा कार्यालयमा स्वास्थ्य स्वयंसेविकालाई परिचालन गरिएको बताए। राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत हरेक वर्ष छ महीनादेखि पाँच वर्षमुनिका बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल तथा एक वर्षदेखि पाँच वर्षमुनिका बालबालिकालाई जुकाको औषधि खुवाइने गरिएको छ।

उनले भने, "बालबालिकाको सर्वाङ्गीण विकासको लागि खोप र पोषण दुवै अपरिहार्य आवश्यक छ। छ महीनादेखि पाँच वर्षमुनिका करीब २१ लाख बालबालिकालाई भिटामिन 'ए' र एकदेखि पाँच वर्षमुनिका १८ देखि १९ लाख बालबालिकालाई जुकाको औषधि खुवाइने लक्ष्य लिएका छौं।" स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यसका बारेमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा नजीकैको स्वास्थ्य संस्था वा वडा कार्यालयमा सम्पर्क गर्न अनुरोध गरेको छ।

## महिला स्वास्थ्य स्वयंसेविकालाई निश्शुल्क यातायात

काठमाडौं, २ असोज/रासस

महिला स्वास्थ्य स्वयंसेविकाहरूले कामका लागि निश्शुल्क सार्वजनिक यातायात चढ्न पाउने भएका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको पहलमा यातायात व्यवसायीले स्वास्थ्य प्रयोजनका लागि सार्वजनिक यातायातका साधनमा भाडा नलिने घोषणा गरेका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलको सक्रियतामा मन्त्रालयमा उक्त समझदारी भएको हो। यातायात व्यवसायी राष्ट्रिय महासङ्घसँगको सहमतिपछि शुक्रवार मन्त्रालयमा यससम्बन्धी समझदारी भएको हो। यही कात्तिक १५ गतेदेखि उक्त व्यवस्था लागू गर्न मन्त्री पौडेलले गरेको आग्रहमा महासङ्घका अध्यक्ष विजयबहादुर स्वारले सहमति जनाएका हुन्।

मन्त्री पौडेलले भने, "महिला स्वास्थ्य स्वयंसेविकाले देशको स्वास्थ्य क्षेत्रमा पुऱ्याएको भूमिकालाई सम्मान गर्न यो निर्णय महत्त्वपूर्ण छ। आफ्नो व्यावसायिक–सामाजिक उत्तरदायित्व अन्तर्गतको यो सहयोगका लागि यातायात व्यवसायी राष्ट्रिय महासङ्घप्रति आभार व्यक्त गर्दछु।"

उनले न्यून सुविधामा आम मातृशिशु तथा समुदायको स्वास्थ्य सेवाका लागि लामो समयदेखि प्रयत्नरत रहेको भन्दै यो निर्णय महत्त्वपूर्ण रहेको बताए। महिला स्वास्थ्य स्वयंसेविकाको छाता संस्थाकी अध्यक्ष वसन्ती महर्जनले निकै महत्त्वपूर्ण निर्णय भएको भन्दै यसका लागि मन्त्री पौडेल र व्यवसायी महासङ्घप्रति आभार प्रकट गरिन्।

हाल देशभर ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका कार्यरत रहेका छन्। मन्त्रालयसँग महासङ्घले गरेको प्रतिबद्धतामा सामाजिक उत्तरदायित्व अन्तर्गत सम्बन्धित तह रहेको जिल्लाभर तोकिएको जिम्मेवारी पूरा गर्न सार्वजनिक यातायातका साधनमा प्राथमिकता दिएर निश्शुल्क आवतजावत गर्न दिने उल्लेख छ। यसका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको पोसाकमा वा परिचयपत्र बोकेको हुनुपर्ने महासङ्घले उल्लेख गरेको छ।

## लामखुट्टेविरुद्धको विषादीबारे अनुसन्धान गरिंदै

कञ्चनपुर, २ कात्तिक/रासस

औलो सार्ने लामखुट्टेविरुद्ध प्रयोग हुँदै आएको कीटनाशक विषादीको प्रभावकारिताबारे सुदूरपश्चिम प्रदेशका दुई जिल्लामा अध्ययन–अनुसन्धानको कार्य शुरू गरिएको छ।

स्वास्थ्य निर्देशनालय राजपुर डोटीको कीट अनुसन्धान प्रयोगशालाले कैलाली र कञ्चनपुरमा अनुसन्धान शुरू गरेको हो। डेल्टामेथ्रिन, अल्फासाइपरमेथ्रिन र लैम्बडासायहेलोथ्रिन नामक तीनवटा विषादी लामखुट्टेविरुद्ध विगत २५ वर्षदेखि प्रयोग हुँदै आएको छ। तीनवटै विषादीको प्रभावकारिताबारे अध्ययन भइरहेको स्वास्थ्य निर्देशनालय राजपुरका कीटजन्य अधिकृत हेमराज जोशीले बताए।

"माउथ एस्पिरेटरको माध्यमबाट औलो प्रभावित क्षेत्रबाट लामखुट्टे सङ्कलनको कार्य गरिरहेका छौं," उनले भने, "सङ्कलन गरिएका लामखुट्टेलाई ल्याबमा लगेर परीक्षण हुन्छ, एकपटकमा १५० वटा लामखुट्टेमा अध्ययनको कार्य हुन्छ, यो प्रक्रियामा २६ घण्टा लगाएर ल्याब परीक्षणको कार्य पूरा हुन्छ।"

अध्ययनका क्रममा एक सय लामखुट्टेलाई विषादीसँग सम्पर्क गराउने र ५० लामखुट्टेलाई विनाविषादी जस्ताको तस्तै टचुबमा राखेर अध्ययन गरिने उनको भनाइ छ। विषादीसँग सम्पर्क गराएका र नगराएका लामखुट्टेको मृत्युदरको विश्लेषण गरी विषादीले काम गरे/नगरेको निक्र्योल गरिने अधिकृत जोशीले बताए।

उनका अनुसार पहिलो चरणमा कञ्चनपुरको भीमदत्त नगरपालिका–९ बाट अध्ययन शुरू गरिएको छ। एनोफिलिस फ्युवियाटिलिस नामक लामखुट्टेलाई डेल्टामेथ्रिन विषादीसँग सम्पर्क गरी अध्ययन–अनुसन्धानको कार्य गरिएको छ। दोस्रो चरणमा कैलालीका मलेरिया प्रभावित क्षेत्रमा अध्ययनको कार्य गरिने भएको छ।



भारतमा नौ प्रजातिका लामखुट्टेले औलो सार्ने भएपनि नेपालमा गरिएको अध्ययनमा एनोफिलिस फ्युवियाटिलिस, एनोफिलिस म्याकुलाटस कम्प्लेक्स र एनोफिलिस एन्युलरिस नामक तीन प्रजातिका लामखुट्टेले औलो सार्ने गरेको पाइएको छ। लामखुट्टेको टोकाइबाट हुने औलो रोगबाट कैलाली र कञ्चनपुर उच्च जोखिममा छन्।

आर्थिक वर्ष २०८०/८१ को साउनदेखि असार मसान्तसम्म औलोका बिरामीको सङ्ख्या सुदूरपश्चिम प्रदेशमा २४७ रहेकामा आयातीत बिरामीको सङ्ख्या २२९ रहेको थियो।

### आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – खर्चवृद्धि |
| मिथुन – धनलाभ | कर्कट – कर्मप्राप्ति |
| सिंह – राज्यलाभ | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुपराजय |
| धनु – ज्ञानोदय | मकर – भयचिन्ता |
| कुम्भ – राज्यलाभ | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## देशभरको तापक्रम क्रमशः घट्दो

काठमाडौं, २ कात्तिक/रासस

हाल देशभर पश्चिमी वायुको प्रभाव रहनुका साथै कोशी, बाग्मती र गण्डकी प्रदेशका पहाडी भागमा स्थानीय वायुको पनि केही प्रभाव रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

देशबाट मनसुन बाहिरिएसँगै काठमाडौं उपत्यकालगायत देशका विभिन्न भागको तापक्रम क्रमशः घट्न थालेको छ।

काठमाडौं उपत्यकाको अहिलेको तापक्रम १६ डिग्री सेल्सियस मापन गरिएको छ। शुक्रवार अधिकतम तापक्रम २६ देखि २८ डिग्री सेल्सियसका बीच रहेको विभागले जनाएको छ।

विभागका अनुसार कोशी, मधेस, बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका केही भागमा आंशिकदेखि साधारणतया बदली रहेको र बाँकी भागमा मौसम सफा रहेको छ।

विभागले आज बिहान ६:०० बजे जारी गरेको मौसम बुलेटिन अनुसार आज दिउँसो देशका पहाडी भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भागमा मौसम सफा रहेको जनाएको छ। कोशी, बाग्मती र गण्डकी प्रदेशका पहाडी भागका केही स्थान तथा बाँकी प्रदेशका पहाडी भागका एक/दुई स्थानमा मेघगर्जन र चटयाङसहित हल्का वर्षाको सम्भावना छ।

त्यसैगरी, आज राति कोशी, बाग्मती र गण्डकी प्रदेशका पहाडी भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भागमा मौसम सफा रहनेछ। कोशी, बाग्मती र गण्डकी प्रदेशका पहाडी भागका एक/दुई स्थानमा मेघगर्जन र चटयाङसहित हल्का वर्षाको सम्भावना छ।

# महिलावादी स्मृतिको एक पहल फोटो प्रदर्शनी शुरू

प्रस, वीरगंज २ कात्तिक/ नेपाल पिक्चर लाइब्रेरीले


तस्वीरः सौजन्य

शुक्रवारदेखि त्रिजुद्ध महावीरप्रसाद रघुवीरराम प्राविधिक माध्यमिक विद्यालयमा तीन दिने फोटो प्रदर्शनी शुरू गरेको छ।

'सार्वजनिक जीवनमा महिलाः महिलावादी स्मृतिको एक पहल' शीर्षकमा फोटो प्रदर्शनी शुरू भएको नेपाल पिक्चर लाइब्रेरीले जनाएको छ।

काठमाडौं, नयाँ दिल्ली, कोची, इस्तानाबुल, सिङ्गापुर, नेदरल्यान्ड्सको ब्रेडालगायत स्थानमा फोटो प्रदर्शनी भइसकेको आयोजकले जनाएको छ।

परियोजनाको मुख्य उद्देश्य दृश्य अभिलेख, मौखिक इतिहास र सामुदायिक संलग्नतामार्फत नेपालको महिलावादी इतिहासलाई संरक्षण एवं प्रसार गर्नु रहेको नेपाल पिक्चर लाइब्रेरीका अनुसन्धान प्रमुख दिवसराज केसीले बताए। प्रमुख केसीले यो प्रदर्शनीले नेपालका महिलाहरूको सार्वजनिक जीवनमा रहेको योगदानलाई उजागर गर्दै नेपाली समाजमा उनीहरूको ऐतिहासिक महत्त्वलाई स्थापित गर्ने बताए।

कार्यक्रममा प्रशासन प्रमुख निशान्त शिल्पकार, फोटो सङ्कलन प्रमुख शिखर भट्टराई, लाइब्रेरियन सरिता सिंह, फोटो सर्कल ग्रुपका अध्यक्ष नयन तारा गुरुङ, कम्युनिकेशनका सम्झना नेपाली, नेपाल रेडक्स सोसाइटी वीरगंज शाखाका उपाध्यक्ष मधु राणालगायतको सहभागिता थियो।

# जनताको आवश्यकतालाई मध्यनजर गरी बजेट वितरण गरिने -मुख्यमन्त्री

प्रस, वीरगंज, २ कात्तिक/ मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले जनताको आवश्यकतालाई मध्यनजर गरी सरकारले योजना र बजेट वितरण गर्ने बताएका छन्। शुक्रवार कलैया उपमहानगरपालिकाले आयोजना गरेको



मुख्यमन्त्री सम्मान कार्यक्रममा उनले अहिलेको सरकारले दलका नेता तथा कार्यकर्तालाई बजेट बाँड्ने काम नगर्ने बताए।

मुख्यमन्त्री सिंहले स्थानीय निकायलाई थप मजबुत बनाउन प्रदेश सरकार लागिपरेको बताए। उनले प्रदेश सरकारबाट प्रदान गरिने सशर्त अनुदानको बजेट स्थानीय तहकै सिफारिशमा खर्च हुनेगरी व्यवस्था गर्न लागिएको बताए। उनले प्रदेशका आठवटै जिल्लालाई समानरूपले विकसित बनाउने नीति अवलम्बन गरिएको बताए।

कलैया उपमहानगरपालिकाका प्रमुख विनोद साहले मन्त्रीहरूले कमिशन नलिई बजेट तथा योजना दिनुपर्ने बताए। उनले यस अघिका मुख्यमन्त्री तथा मन्त्रीहरूले कमिशनबिना बजेट तथा योजना नदिने गरेको गुनासो गर्दै वर्तमान नेतृत्वले यसमा ध्यान दिनुपर्ने बताए।

उनले यस अघिका सरकारले कलैया उपमहानगरपालिकासँग व्यापक विभेद गरेको बताउँदै कलैयाको विकासका लागि प्रदेश सरकारको लगानी आवश्यक रहेको बताए।

यसैगरी, मुख्यमन्त्री सिंहले कलैया उपमनपा-१ मा निर्माणाधीन टाउनहलको अनुगमन तथा कलैया-२४ स्थित कृषि मेलाको उद्घाटन गरेका थिए। कार्यक्रममा उपप्रमुख रौशन परवीन, प्रमुख प्रशासकीय अधिकृत नाथु साहलगायतको सहभागिता थियो।


## जुवातासले गर्छ सर्वनाश

जुवातासको लतले,
- पारिवारिक कलह, झैँझगडा हुने गर्छ,
- सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
- सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
- सामाजिक र आर्थिक सङ्कट उत्पन्न हुन्छ,
- पारिवारिक विखण्डनको सम्भावना बढ्छ,
- सन्ततिहरूसमेत कुलतमा फस्ने सम्भावना हुन्छ,
- सामाजिक प्रतिष्ठामा आँच आउँछ,

त्यसैले सम्पत्ति हारजित हुने जुवालगायतका खेल नखेलौं, परिश्रममा विश्वास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| जानकारी आएन | | | | |




## नक्कली नोट सक्कली भयो

प्रस, वीरगंज, २ कात्तिक/ वीरगंज महानगरपालिका-१४ गण्डक चेकपोस्टले ४७ हजार नक्कली नोटसहित एकजना भारतीयलाई बिहीवार बेलुका पक्राउ गरेकोमा सो नोट सक्कली भएको देखिएको छ।

भारत बिहार राज्य मोतिहारी ग्राम पञ्चायत रामगढवा नन्दपुर-४ बस्ने २० वर्षीय कृष्णकुमार महतोलाई एक हजार दरका ४७ थान नोटसहित प्रहरीले पक्राउ गरेको थियो।

शुरुमा नक्कली भनी दाबी गरेको प्रहरीले शुक्रवार ती नोट सक्कली भएको जनाएको छ। पर्सा प्रहरीका प्रवक्ता दीपक भारतीले नक्कली भनिएको नोट सक्कली भएको र अभियुक्तलाई छाड्ने प्रक्रिया शुरु गरिएको बताए।

# खेलकूदको संसार

## नेपालद्वारा अमेरिका पराजित

काठमाडौं, २ कात्तिक/रासस

नेपालले पहिलो टी-२० मा अमेरिकालाई पराजित गरेको छ। डालसस्थित ग्राण्डप्रेरी रङ्गशालामा भएको खेलमा नेपाल १७ रनले विजयी भएको हो। १६५ रनको लक्ष्य पछ्याएको अमेरिका निर्धारित २० ओभरमा सात विकेट गुमाएर १४७ रनमा समेटिएको थियो।



अमेरिकाका लागि शायन जहाँगीरले सर्वाधिक ६० रनको योगदान दिए। उनले ३४ बलमा छ चौका र दुई छक्काको सहायताले ६० रन बनाएका हुन्। आन्द्रेस गौसले ३० रन बनाए भने मिलिन्द कुमारले २२ र जसदीप सिंहले १६ रन बनाए। कप्तान मोनाङ्क पटेल र आरोन जोन्स तीन/तीन र सैतेजा मुक्कामल्ला दुई रनमा आउट भएका थिए।

नेपालका लागि दीपेन्द्रसिंह ऐरीले तीन विकेट लिए भने करण केसी, रिजन ढकाल र गुल्शन झाले समान एक/एक विकेट लिए। त्यस अघि टस हारेर ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १६४ रनको योगफल बनाएको थियो। कप्तान रोहित पौडेलले सर्वाधिक ४९ रनको योगदान दिए। उनले ३३ बलमा चार चौका र एक छक्कासहित सर्वाधिक ४९ रन बनाएका हुन्। अर्का खेलाडी दीपेन्द्रले १७ बलमा दुई चौका र एक छक्कासहित २८ रन बनाए। आसिफ शेख र अनिल साहले समान २७/२७ रन बनाए भने गुलशन झाले ११ तथा कुशल भुर्तेलले १० रन जोडेका थिए।

अमेरिकाका हरमीत सिंह, सौरभ नेत्रवालकर र जसदीप सिंहले समान दुई विकेट लिए भने अली खान र नोस्थुश केञ्जिगेले एक/एक विकेट लिए। अमेरिका र नेपालबीच तीन टी-२० खेल आयोजना हुनेछन्। त्यसपछि दुवै टोली आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ मा सहभागी हुनेछन्।

## महिला साफ च्याम्पियनशिप फूटबलः श्रीलङ्काले माल्दिभ्सलाई हरायो

काठमाडौं, २ कात्तिक/रासस

साफ महिला च्याम्पियनशिप-२०२४ फूटबल प्रतियोगिता अन्तर्गत शुक्रवार भएको खेलमा श्रीलङ्काले माल्दिभ्सलाई पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको छ।



त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको समूह 'बी' अन्तर्गतको पहिलो खेलमा श्रीलङ्काले माल्दिभ्सलाई १-० गोलअन्तरले पराजित गऱ्यो। श्रीलङ्काका लागि इमिशा अनुराधिनीले १८औं मिनेटमा गरेको गोल नै श्रीलङ्कालाई जीतको लागि पर्याप्त भयो। जीतसँगै श्रीलङ्काले तीन अङ्क बटुलेको छ।

## विश्वकप क्रिकेट लिग दुई खेल्न लामिछाने अमेरिका गए

काठमाडौं, २ कात्तिक/रासस

आइसिसी विश्वकप क्रिकेट लिग दुई अन्तर्गतको त्रिकोणात्मक शृङ्खला खेल्नका लागि नेपाली राष्ट्रिय क्रिकेट टोलीका सदस्य सन्दीप लामिछाने अमेरिका जाने भएका छन्।



उक्त प्रतियोगितामा सहभागिता जनाउनका लागि त्यसतर्फ जान लागेका उनलाई अमेरिकाले भिसा दिएको नेपाल क्रिकेट सङ्घ (क्यान)ले जनाएको छ। क्यानका अनुसार लामिछाने शुक्रवार बेलुका अमेरिका प्रस्थान गरेका छन्। यस अघि अमेरिकामा नै भएको आइसिसी टी-ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगितामा सहभागिता जनाउनका लागि अमेरिकाले लामिछानेलाई भिसा दिन अस्वीकार गरेको थियो।

आइसिसी विश्वकप क्रिकेट लिग-दुईको त्रिकोणात्मक शृङ्खला यही कात्तिक ९ देखि १९ गतेसम्म अमेरिकामा आयोजना हुँदैछ। शृङ्खलामा अमेरिका, नेपाल र स्कटल्यान्डबीच प्रतिस्पर्धा हुनेछ।

नेपालले आफ्नो पहिलो खेल यही कात्तिक ११ गते अमेरिकासँग खेल्नेछ भने दोस्रो खेल कात्तिक १३ गते स्कटल्यान्डसँग, तेस्रो खेल कात्तिक १७ गते अमेरिकासँग र चौथो खेल कात्तिक १९ गते स्कटल्यान्डसँग खेल्ने तालिका छ।

## नेपाल र भुटानबीचको खेल बराबरी

काठमाडौं, २ असोज/रासस

राजधानीमा जारी दक्षिण एशियाली फूटबल महासङ्घ (साफ) महिला फूटबल च्याम्पियनशिप अन्तर्गत नेपाल र भुटानबीचको खेल गोलरहित बराबरीमा टुङ्गिएको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा शुक्रवार नेपाल र भुटानले गोलरहित बराबरी खेल्दै एक/एक अङ्क बाँडेका हुन्। साफ च्याम्पियनशिपको इतिहासमा नेपाल पहिलोपटक भुटानसँग गोलरहित बराबरीमा रोकिन पुगेको हो।

खेलको अधिकांश समय बल नियन्त्रणमा राखे पनि नेपालले गोल गर्न भने सकेन।

# करेन्ट लागेर एकजनाको मृत्यु, दुईजना घाइते

जलेश्वर (महोत्तरी), २ कात्तिक/रासस

गौशाला नगरपालिका-३ पचाईन टोलमा शुक्रवार करेन्ट लागेर एक किशोरीको मृत्यु भएको छ भने दुईजना किशोरी घाइते भएका छन्।

मृत्यु हुनेमा स्थानीय बिहारी महतोकी छोरी १४ वर्षीया करिनाकुमारी रहेको जिल्ला प्रहरी कार्यालय, महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले बताए।

आज बिहान खेतमा धान काट्नका लागि दुईजना दिदीबहिनीसँगै जाँदै गर्दा उनीहरूलाई करेन्ट लागेको थियो। स्थानीय विनोद महतोले जङ्गली जनावरबाट बाली जोगाउन खेतमा लगाएको बिजुलीको नाङ्गो तारबाट उनीहरूलाई करेन्ट लागेको थियो। करिनाकुमारीको घटनास्थलमै मृत्यु भएको हो।

बहिनी करिनालाई बचाउने क्रममा उनकी दिदी १८ वर्षीया राधाकुमारी र १४ वर्षीया विभाकुमारी महतो घाइते भएका छन्। उनीहरू दुवैको गौशालास्थित निजी क्लिनिकमा उपचार भइरहेको छ। हाल उनीहरू स्वास्थ्य अवस्था खतरामुक्त रहेको प्रहरीले जनाएको छ।

खेतमा करेन्ट प्रवाह गर्ने विनोद उक्त घटनापछि सम्पर्कविहीन छन्। मृतक करिनाको शव शल्यपरीक्षणका लागि बर्दिबास अस्पतालमा पठाइएको छ। घटनाबारे अनुसन्धान शुरु भइसकेको प्रहरीले जनाएको छ।